एमसिसी संसदबाट अनुमोदनपछि मात्रै ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २३ •अंक १४ •२०७७ साल जेठ २० गते मंगलबार (2 June, Tuesday, 2020) •मूल्य रु. ५।-


# समाजवादी र राजपाको संविधान संशोधन विधेयक दर्ता

**टुडे समाचारदाता**

काठमाण्डु ।समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा)नेपालले नेपालको संविधान संशोधन विधेयक संघीय संसद सचिवालयमा दर्ता गराएकोछ ।

राजपा अध्यक्ष मण्डलका सदस्य समेत रहेका साँसद महेन्द्र यादवको नेतृत्वमा सोमबार समाजवादी र राष्ट्रिय (राजपाका सांसद तथा नेताहरुले सोमवार संसद सचिवालयमा पुगेर संविधानको (दोस्रो संशोधन) विधेयक दर्ता गरेका हुन् ।

संविधान संशोधनको प्रस्तुतकर्ता राजपाका लक्ष्मणलाल कर्ण र समाजवादीका राजेन्द्रप्रसाद श्रेष्ठ रहेको संघीय संसद विधेयक शाखा प्रमुख नारायणप्रसाद ढकालले जनाए ।समाजवादी र राजपाको विधेयक गैरसरकारी विधेयकको रूपमा दर्ता भएको ढकालले बताए ।

राजपाले गत शुक्रवार दर्ता गराउन खोजेको संविधान संशोधन विधेयकमा समाजवादी पार्टीले त्यसमा सभामुखको अनुपस्थितिमा सभामुखले गर्ने सबै काम उपसभामुखले गर्नपर्ने, प्रधानमन्त्री, मन्त्रिपरिषद्लगायतसँग जोडिएका आर्थिक अपचलनका मुद्दा हेर्न शक्तिशाली लोकपाल गठन गर्नुपर्ने विषय थपेकाछन् । त्यस्तै, सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रभावकारी काम नगरेकोले संविधान संशोधन गरेर संवैधानिक अदालत गठन गर्नपर्ने माग पनि दोस्रो संशोधन विधेयकमा थपिएकोछ ।सोमवार दर्ता भएको समाजवादी र राजपाको संयुक्त विधेयकमा राजदूत लगायत संवैधानिक नियुक्ती समावेशी र समानुपातिक हुनुपर्ने माग पनि थपिएको छ ।

यस अघि राजपाले दर्ता गराउन खोजेको विधेयकमा विदेशी महिलाले नेपाली नागरिकसँग विवाह गरे लगत्तै नेपालको अंगीकृत नागरिकता प्राप्त गर्ने व्यवस्था हुनुपर्ने थियो । त्यस्ते, राष्ट्रिय सभामा हरेक प्रदेशबाट ३/३ जनाको सिट आरक्षित गरेर अन्य सांसद जनसंख्याको आधारमा निर्वाचित हुनुपर्ने, नेपाली बाहेकका भाषालाई पनि संविधानको अनुसूचीमा राख्नुपर्ने, प्रदेशको सिमांकन र संघीयताबारे निर्णय लिनका लागि संवैधानिक संयन्त्र गठन गर्नुपर्ने राजपाले संविधान संशोधनका लागि दर्ता गराउन चाहेको विधेयकमा राखिएको थियो ।

गत शुक्रबार राजपाले एक्लै दर्ता गर्न खोजेको गैरसरकारी विधेयकका रूपमा संविधान संशोधन विधेयक संसद सचिवालयले दर्ता गर्न अस्वीकार गरेको थियो। राजपाका नेताहरू महन्थ ठाकुर, राजेन्द्र महतो, महेन्द्र राय यादव, अनिल झालगायत नेताहरू संविधान संशोधन विधेयक दर्ता गर्न संसद सचिवालय पुगेका थिए ।

त्यतिबेला संघीय संसदका महासचिव भरतराज गौतमले सभामुखसँग परामर्श गर्ने भनी फर्काएका थिए । सोमबार भने उनले विधेयक दर्ता गरे ।

संसद सचिवालयमा गैर सरकारी विधेयकको रुपमा विधेयक दर्ता गरेपछि समाजवादी पार्टीका नेता श्रेष्ठले दुवै दलको उदेश्य साझा रहेकाले संयुक्त रुपमा विधेयक दर्ता गरिएको बताए ।'सत्तारुढ दल नेकपा र नेपाली काँग्रेसलेपनि संविधान संशोधनमा सघाउने छन्' उनले भने, संविधानबाट असन्तुष्ट रहेको पक्षको माग सम्बोधन गर्ने उपयुक्त समय रहेकोछ ।

सरकारले हाम्रो विधेयक पारित गर्न नसघाए हामीपनि उनीहरुको विधेयकलाई पारित गर्न सघाउनुपर्ने बाध्यता नभएको श्रेष्ठले बताए ।'प्याकेजमै संविधान संशोधनको प्रकृया अगाडी बढाएको भए सरकारको लोकप्रियता बढने थियो' उनले भने, तर जनजाती, आदीवासी, मधेशी, दलित, मुस्लिमप्रति सरकारको दृष्टिकोण सकारात्मक छैन् ।

नेपालको नयाँ नक्साअनुसार संविधानमा रहेको निशान छाप परिवर्तन गर्न सरकारले संविधान संशोधन विधेयक दर्ता गरेको छ । राजपा र समाजवादी पार्टीले तराई मधेसको माग सम्बोधन हुने गरी संशोधन विधेयक ल्याउन माग गरेका थिए ।सरकारले मधेशको असन्तुष्टिलाई संविधान संशोधनमा संबोधन गर्ने प्रयास नगरेपछि अर्को विधेयक दर्ता भएको छ ।

'सरकारले संविधान संशोधनका लागि राष्ट्रिय सहमति जुटाएर मधेशको माग समेत संबोधन गर्न चुक्नु हुँदैन्'राजपा अध्यक्ष मण्डलका सदस्य महेन्द्र यादवले भने, सरकार र विपक्षी दल नेपाली काँग्रेस समेत अहिले उदार भएर राष्ट्रिय एकताको सन्देश दिन सक्नुपर्छ ।

समाजवादी र राजपाले पार्टी एकिकरण भएर जनता समाजवादी पार्टी बनेको जनाउ संसद सचिवालयमा दिइसकेपनि हाल सम्म दुवै पार्टी एकिकृत भइसकेको छैन् ।कानुनी रुपमा दुवै दल एक भइनसकेकाले संयुक्त रुपमा दुवै पार्टीले संशोधन दर्ता गरेको यादवले बताए ।

# रौतहटमा १७५६ स्वाबको नतिजा आउन बाँकी, बीरगञ्जमा टेस्ट चालु

**राकेश यादव**

गौर ।रौतहटमा कोरोना भाइरस (कोभिड- १९) संक्रमण सोमवार थप १८ जनामा पुष्टि भएसँगै कुल संक्रमितको संख्या २ सय ३४ पुगेकोछ ।

प्रदेश २ को ८ जिल्ला मध्ये सर्वाधिक संक्रमितको संख्या रौतहट जिल्लामा नै रहेकोछ ।संक्रमितको संख्या अत्यधिक बढेपनि पीसीआर टेस्टमा भने व्यापक कमि आएकोछ । मन्त्रालयका अनुसार सोमवार ४ सय ७१ जनाको स्वाब संकलन गरिएको समेत १ हजार ७ सय ५६ टेस्टको नतिजा आउन बाँकी नै रहेकोछ ।

रौतहटको परोहा नगरपालिकाको क्वारेन्टिनमा १४ र यमुनामाई गाउँपालिकाको क्वारेन्टिनमा ४ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएकोछ ।रौतहट जिल्लाको १८ पालिका मध्ये हाल सम्म १५ वटा पालिकामा कोरोना भाइरस संक्रमित फेला परेका छन् । चन्द्रपुर, फतुवा विजयपुर र गजुरा नगरपालिकामा हाल सम्म कोरोना भाइरस संक्रमित देखिएको छैन् ।

> **नारायणी अस्पतालको मातहतमा रहेको आरटी पीसीआर मेसिन सोमवारबाटपुनःसञ्चालनमा आएकोछ ।अस्पतालका अनुसार किट लगायतका केमिकलहरु उपलब्ध भएपछि टेस्ट सुरु गरिएकोछ ।**

जिल्लामा सबै भन्दा बढी राजपुर नगरपालिकामा ८३ जना संक्रमण पुष्टि भइसकेका छन् । इशनाथ नगरपालिकामा ६८ संक्रमित भेटिएका छन् । हाल सम्म फेला परेका सबै संक्रमितहरु भारतबाट आएका नेपाली नागरिक हुन् ।

जिल्लामा कोरोना भाइरस संक्रमितको संख्या बढने त्रम तिव्र रहेकोछ ।तर पीसीआर टेस्टको दायरालाई साँगुरो बनाइएकोछ ।जिल्ला स्वास्थ्य कार्यालयका अनुसार शनिवार र आइतवारगरि १ हजार मात्र पीसीआर किट आएकोछ ।संक्रमितको संख्या बढने क्रमलाई हेर्दा दैनिक २ हजारको हाराहारीमा स्वाब संकलन र टेस्ट हुनुपर्ने स्वास्थ्य कार्यालयको माग रहेकोछ ।तर प्रदेश र संघीय सरकारबाट समेत आवश्यक मात्रामा सहयोग प्राप्त नभएको कार्यालयका स्वास्थ्यकर्मीहरु बताउँछन् ।

नारायणी अस्पतालको मातहतमा रहेको आरटी पीसीआर मेसिनसोमवारबाटपुनःसञ्चालनमा आएकोछ ।अस्पतालका अनुसार किट लगायतका केमिकलहरु उपलब्ध भएपछि टेस्ट सुरु गरिएकोछ ।शनिवारदेखि पीसीआर टेस्ट बन्द गरिएको थियो ।




# कोरोना भाइरस संक्रमितको संख्या १८११ पुग्यो, एक दिनमै सर्वाधिक २३९ जनामा कोरोना पुष्टि

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा कोरोना संक्रमितको संख्या सोमवार दिउँसो सम्म १ हजार ८ सय ११ पुगेकोछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाए अनुसार विभिन्न प्रयोगशालाहरुमा गरिएको पीसीआर टेस्ट अनुसार २४ घण्टामा २ सय ३९ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएकोछ ।

पछिल्लो २४ घण्टामा सोमबार थप २ सय ३९ जनामा कोरोना संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको हो ।एक दिनमा कोरोना भाइरस पुष्टि भएको यो अहिलेसम्मकै उच्च संख्या हो ।

मन्त्रालयले आयोजना गरेको नियमित मिडिया ब्रिफिङमा प्रवक्ता डा विकास देवकोटाले थपिएको २ सय ३९जना समेत संक्रमितको संख्या १ हजार ८ सय ११ पुगेको जनाए । जसमध्ये २ सय २१ जना उपचारपछि डिस्जार्च भएका छन् ।

सोमवार संक्रमित पुष्टि हुनेमा दैलेखका ४१ जना, कपिलवस्तुका ४७ जना, सर्लाहीका ३८ जना, जुम्लाका १९ जना, रौतहटका १८ जना, कैलालीका १४ जना, सल्यानका १० जना, दाङका ९ जना, बाँकेका ७ जना, धनुषाका ७, सुर्खेतका ५ जना, सिरहाका ५ जना, नवलपरासी पूर्वका ३ जना, पाल्पाका ५ जना, रुपन्देहीका ३ जना, झापाका २ जना, महोत्तरीका २ जना रहेका छन् ।

| संक्रमित संख्या |
|---|
| प्रदेश १ मा १ सय ६८ |
| प्रदेश २ मा ६ सय ९५ |
| वागमतीमा ४६ |
| गण्डकीमा २३ |
| प्रदेश ५ मा ६ सय २१ |
| कर्णाली प्रदेशमा २सय ३३ |
| सुदूरपश्चिम प्रदेशमा ४५ |

यसैगरि नवलपरासीका १ जना, गुल्मीका १ जना, मकवानपुरका १ जना, उदयपुरका १ जना, अछामका १ जना, बैतडीका १ जना, डोटीका १ जना, र कञ्चनपुरका १ जनामा कोरोना भाइरस संत्रमणको पुष्टि भएको मन्त्रालयले जनाएकोछ । सोमबार डोटीमा पनि संक्रमित थपिएसँगै संक्रमित जिल्लाको संख्या ५९ पुगेको छ ।

कोरोना भाइरस संक्रमितहरुको संख्या प्रदेशगत रुपमा सर्वाधिक प्रदेश २ मा देखिएको छ । प्रदेश २ मा ६ सय ९५ र त्यसपछि प्रदेश ५ मा ६ सय २१ जना कोरोना भाइरस संक्रमितहरु रहेका छन् ।

प्रदेश १ मा १ सय ६८, प्रदेश २ मा ६ सय ९५, बागमतिमा ४६, गण्डकीमा २३, प्रदेश ५ मा ६ सय २१, कर्णाली प्रदेशमा २ सय ३३ र सुदूरपश्चिम प्रदेशमा ४५ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएकोछ ।

मन्त्रालयका अनुसार देशभरि नै क्वारेन्टाइनमा बस्नेहरुको संख्या १ लाख ३३ हजार ९ सय ७५ रहेका छन् । यसैगरि आइसोलेसनमा रहनेको संख्या देशभरी १ हजार ५ सय ६९ रहेकोछ ।

मन्त्रालयका अनुसार हाल सम्म नेपालमा आरडिटी विधिबाट १ लाख १३ हजार ७ सय ५७ नमुना परीक्षण भएका छन् । पिसिआर विधिबाट भने हालसम्म ७१ हजार ९ सय ३ परीक्षणहरु गरिएका छन् ।

हालसम्म कोरोना संक्रमणले सिन्धुपाल्चोकमा १, बाँकेमा १, गुल्मीमा १, बाराका १, ललितपुरका १ र अर्घाखाँचीका १, दैलेखका १, बाजुराका १ गरी ८ जनाको मृत्यु भएको छ ।




# हतियारसहित युवक पक्राउ





**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामबाट एक युवक हतियारसहित पक्राउ परेका छन्।

प्रदेश प्रहरी कार्यालय जनकपुरधाम र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको संयुक्त टोलीले जनकपुरधाम उप महानगरपालिका १७ स्थित रामलोचन पासवानको आँपको बगैचाको उत्तरतर्फ बसिरहेका युवकलाई हतियारसहित पक्राउ गरेको हो। पक्राउ पर्नेमा महोत्तरीको लोहारपट्टी नगरपालिका ८भम्रपुरा बस्ने २० बर्षीय डि.के. भनिने अजिजुल राईन छन्।

ज. ४ प ३९३३ नम्वरको मोटरसाइकलमा शंकास्पद रुपमा बसिरहेका उनको शरीर तथा मोटरसाइकलको खानतलासी गर्दा उनले लगाएको हेलमेट भित्र लुकाई छिपाई राखेको अटोमेटिक पेस्तोलमा फिट हुने म्यागिजन २ थान फेला परेको जिल्ला प्रहरी कार्यलय धनुषाले जनाएको छ।

म्याग्जिन मध्ये एउटा म्याग्जिनमा २ राउण्ड गोली लोड रहेको, उनी सवार रहेको मोटरसाइकलको सिटमुनी लुकाई छिपाई राखेको अवस्थामा म्याग्जिनमा ३ राउन्ड गोली लोड रहेको अटोमेटिक पेस्तोल थान १, उनले कम्मरमा लुकाईछिपाई राखेको सेतो चक्कु थान १ समेत फेला परेको प्रहरीको भनाई छ।

उनलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान कार्य भई रहेको धनुषा प्रहरीका प्रबक्ता रामेश्वर कार्कीले जानकारी दिए।

# २४ घण्टामै थपिए ८२ जना संक्रमित

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लोपटक प्रदेश २ मा एकैसाथ ८२ जना कोरोना संक्रमित फेला परेका छन्।

सामाजिक विकास मन्त्रालयका अनुसार सप्तरी जिल्लामा १२ जना, सिराहा जिल्लामा ५ जना, धनुषा जिल्लामा ७ जना, महोत्तरी जिल्लामा २ जना, सर्लाही जिल्लामा ३८ जना र रौतहट जिल्लामा १८ जना संक्रमित देखिएका छन्।

सप्तरी जिल्लाको राजगढ गाउँपालिका स्थित नरघो माध्यमिक विद्यालयमा रहेको क्वारेन्टाईनमा रहेका १ देखि १८ बर्ष उमेर समुहको १ जना, १८ देखि ४० बर्ष उमेर समुहको १० जना र ४० देखि ७० बर्ष उमेर समुहको १ जना पुरुषहरुमा कोरोना संक्रमणको पुष्टि भएको छ।

सिराहा नगरपालिकास्थित सूर्य नारायण सत्य नारायण मरबेता क्याम्पसको होस्टेलमा सञ्चालित क्वारेन्टाईनमा बस्दै आएका १८ देखि ४० बर्ष उमेर समुहका २ जना र १८ देखि ४० बर्ष उमेर समुहका ३ जना पुरुषहरुमा कोरोना संक्रमणको पुष्टी भएको छ।

धनुषा जिल्लाको धनौजी गाउँपालिका स्थित शंकर माध्यमिक विद्यालयको क्वारेन्टाईनमा रहेका १ बर्ष १८ बर्ष देखि ४० बर्ष उमेर समुहका ४ जना, प्रादेशिक अस्पताल जनकपुरमा गरिएको स्वाव संकलनको परिणाम अनुसार १ जना र धनुषा जिल्लाकै हंसपुर नगरपालिकास्थित बगचौराको क्वारेन्टाईनमा रहेका १८ बर्ष देखि ४० बर्ष उमेर समुहका २ जना पुरुषहरुमा कोरोना संक्रमणको पुष्टि भएको छ।

महोत्तरीको लोहारपट्टी नगरपालिकास्थित शिबचन्द्र आश्रममा सञ्चालित क्वारेन्टाईनमा रहेका बर्ष १८ र सोही जिल्लाको रामगोपालपुर नगरपालिका स्थित महेन्द्र माध्यमिक विद्यालयको क्वारेन्टाईनमा रहेका बर्ष १८ का गरी २ जना पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको छ।

सर्लाहीको कविलासी नगरपालिकास्थित अगरवा माध्यमिक विद्यालयको क्वारेन्टाईनमा रहेका ९ बर्षिया बालिका र २६ बर्षिया महिलामा कोरोना संक्रमणको पुष्टि भएको छ। त्यसैगरी १४ बर्षिय बालकसहित १ देखि १८ बर्ष उमेर समुहका ५ जना, १८ देखि ४० बर्ष उमेर समुहका २६ जना, ४० देखि ७० बर्ष उमेर समुहका २ जना र ७० बर्ष भन्दा बढी उमेर समुहका १ जना पुरुषहरुमा कोरोना संक्रमणको पुष्टि भएको छ। सर्लाहीकै हरिपुर नगरपालिकामा रहेको क्वारेन्टाईनमा रहेका १८ देखि ४० बर्ष उमेर समुहका २ जना पुरुषहरुमा समेत संक्रमित देखिएका छन्।

रौतहट जिल्लाको यमुनामाई गाउँपालिका स्थित जनता माध्यमिक विद्यालय सरुवाथामा सञ्चालित क्वारेन्टाईनमा रहेका २२ बर्षिय महिला र १८ देखि ४० बर्ष उमेर समुहका ३ जना पुरुषहरुमा कोरोना संक्रमित देखिएका छन्। परोहा नगरपालिका स्थित लौकाहा माध्यमिक विद्यालयमा सञ्चालित क्वारेन्टाईनमा रहेका १८ बर्ष देखि ४० बर्ष उमेर समुहका १३ जना र ४० देखि ७० बर्ष उमेर समुहका १ जना गरी कुल १४ जना पुरुष संक्रमित देखिएका छन्।

यस २ नम्वर प्रदेशमा हालसम्म ९९ जना कोरोना संक्रमितहरु उपचार पश्चात निको भएका छन् । जसमा नारायणी अस्पताल बीरगंज र उक्त अस्पताल माहतत रहेको कोभिड १९ बिशेष गण्डक अस्पताल बीरगंजबाट ९७ जना संक्रमितहरु उपचार पश्चात निको भएका हुन भने बाँकी २ जना प्रादेशिक अस्पताल जनकपुर अन्तर्गत रहेको कोभिड १९ बिशेष अस्पतालबाट डिस्चार्ज भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ। योसँगै प्रदेशमा कुल संक्रमितको संख्या ६ सय ९५ पुगेको मन्त्रालयले जानकारी दिएको छ।

# पोखरीमा बिष हाल्दा ५ क्वीन्टल माछा मर्‍यो

**टुडे समाचारदाता**

लहान । सिरहाको मिर्चैया नगरपालिका २ स्थित एक पोखरीमा पालिएको माछालाई बिष हालेर मारिएको छ। माछा मर्दा १० लाख रुपैयाँको घाटा लागेको माछा पालक कृषकले बताएका छन्।

मिर्चैया २ स्थित रामजानकी मन्दिरको पोखरी ठेक्कामा लिई अरबिन्द सहनी, सोनेलाल सहनी र नागे सहनीले माछा पालन गरेका थिए। पोखरीमा झण्डै ५ क्वीन्टल माछा उत्पादन भएर निकालिने तयारी गरिरहेकै अवस्थामा अज्ञात व्यक्तिले बिष हालिदिएको उनीहरुले बताएका छन्।

"५ क्वीन्टल जति माछा उत्पादन भइसकेपछि एक साताअघि मात्रै ६० हजार रुपैयाँको भुर्रा खरीद गरेर हालेका थियौं' माछा पालक नागेले भने, "तर सबै लगानी बर्बाद भयो ।"

# विभिन्न जिल्लाका प्रजिअको सरुवा

काठमाण्डु । गृह मन्त्रालयले विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीलगायत कर्मचारीको सरुवा गरेको छ। गृह मन्त्रालयको यही जेठ १८ गतेको निर्णयअनुसार सहसचिव, उपसचिव, प्रजिअ र सहायक प्रजिअ गरी ४४ कर्मचारीको सरुवा, काज र पदस्थापन गरिएको हो ।

मन्त्रालयले सोमबार जारी गरेको सार्वजनिक सूचनाअनुसार सुर्खेतका प्रजिअ रमेश न्यौपानेलाई पाल्पाको प्रजिअमा सरुवा गरिएको छ। पाल्पाका प्रजिअ यादव सुवेदीलाई गृह मन्त्रालयमा पदस्थापन गरिएको छ। गृहका हिरालाल रेग्मीलाई भने सुर्खेतको प्रजिअमा सरुवा गरिएको छ।

यस्ते महोत्तरीका प्रजिअ सूर्यबहादुर खत्रीलाई इलाका प्रशासन कार्यालय चन्दौटा, काठमाण्डुका सहायक प्रजिअ कृष्णबहादुर कटुवाललाई महोत्तरीको प्रजिअ, इलाका प्रशासन कार्यालय फ्पिर्पिङका चन्द्रप्रसाद गैरेलाई कालीकोटको प्रजिअ बनाएर सरुवा गरिएको छ। कालिकोटका प्रजिअ कृष्णचन्द्र पौडेललाई भने इलाका प्रशासन कार्यालय लेखनाथ कास्की पठाइएको छ।

डोटीका प्रजिअ टेकनारायण पौडेललाई अध्यागमन विभाग, उदयपुरका सहायक प्रजिअ भीमप्रसाद भट्टराईलाई डोटीको प्रजिअमा पठाइएको छ। बर्दियाका प्रजिअ प्रेम लामिछानेलाई गृह मन्त्रालय ल्याइएको छ।

दार्चुलाका प्रजिअ यदुनाथ पौडेललाई धुनुषाको सहायक प्रजिअ, धनुषाका सहायक प्रजिअ शरदकुमार पोखरेललाई दार्चुलाको प्रजिअमा पठाइएको छ।

ओखलढुङ्गाका प्रजिअ गणेश आचार्यलाई डिल्लीबजार कारागार कार्यालय र गृह मन्त्रालयका उपसचिव कृष्ण पौडेललाई ओखलढुङ्गाको प्रजिअ बनाएर पठाइएको छ।

संखुवासभाका प्रजिअ जीवन दुलाललाई काठमाण्डुको सहायक प्रमुख जिल्ला अधिकारीमा सरुवा गरिएको छ। काठमाण्डुका सहायक प्रजिअ जीवन आचार्यलाई भने स̖ुवासभाको प्रजिअमा पठाइएको छ।

गृहका नरेन्द्रकुमार रानालाई रोल्पाको प्रजिअ, सुनसरीका सहायक प्रजिअ चिरञ्जीवी गिरीलाई हुम्लाको प्रजिअ र हुम्लाको प्रजिअ विनिता भट्टराईलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा पठाइएको छ।

बझाङका प्रजिअ उमेश पाण्डेलाई झापाको सहायक प्रजिअ, इलाका प्रशासन कार्यालय लहानका कमलराज भण्डारीलाई बझाङको प्रजिअ, झापाका सहायक प्रजिअ जयकुमार घिमिरेलाई सप्तरीको प्रजिअ, सुनसरीका सहायक प्रजिअ डा कृष्णबहादुर घिमिरेलाई इलाका प्रशासन कार्यालय लहान, चन्दौटाका शङ्करबहादुर विष्टलाई इलाका प्रशासन कार्यालय टिकापुर पठाइएको छ।

टिकापुरका हिरालाल चौधरीलाई कैलालीको सहायक प्रजिअमा र बैतडीका प्रजिअ आनन्द पौडेललाई इलाका प्रशासन कार्यालय तुलसीपुरमा सरुवा गरिएको गृह मन्त्रालयले जनाएको छ ।रासस

# हेल्थपोष्ट भवनको उद्घाटन

**टुडे समाचारदाता**

लहान । सिरहा नगरपालिका



वडा नं. ११ भलुवाहीमा नवनिर्मित हेल्थपोष्ट भवनको सोमबार एक कार्यक्रमका बीच उद्घाटन गरिएको छ।

लकडाउनको पालना गर्दै सिरहा नगरपालिकाका मेयर अशेश्वर प्रसाद यादवले हेल्थपोष्ट भवनको उद्घाटन गरेका हुन्। सिरहा नगरपालिका वडा नं. ११ का वडाध्यक्ष बिनोद कुमार कामतीको अध्यक्षतामा सम्पन्न कार्यत्रममा प्रेस काउन्सिलका पुर्ब सदस्य एवम् रेडियो सल्हेशका अध्यक्ष चन्द्रदेब कामती ,स्वास्थ कार्यालय सिराहाका प्रमुख कृष्ण देब यादव, पुर्ब इन्चार्ज रामसेबक राय लगायतको उपस्थिति रहेको थियो ।

२ करोडको लागतमा निर्मित दुई तल्ले भवनमा स्वास्थ्य सेवा लगायत २४ औ घण्टा प्रसुती सेवा संचालन गरिने हेल्थपोष्ट प्रमुख जयनारायण यादवले बताए । करिब चार दशक अगाडी स्वर्गिय डा. अन्जनी कुमार शर्मा ढकाल लगायतको सहयोगमा हेल्थपोष्ट स्थापना भएको थियो।


# दसगजामा अलपत्र नागरिकलाई भोजन खुवाउदै

**मुकेश कुमार यादव**

लहान । सिरहाको बरियारपट्टी गाउँपालिका वडा १ ब्रहरी र भारतको पिपराहि बिचको दसगजा क्षेत्रमा इट्टाभट्ठामा काम गर्ने भारतीय नागरिक अलपत्र परेका छन्।

सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका टोल पर्सामा रहेको जय हनुमान इटाभट्ठामा काम गर्ने कामदारलाई भट्टा साहुले दसगजामा छाडेर भागेको कामदारहरुले आरोप लगाएको छन्।

अलपत्र परेका नागरिकलाई समाजवादी बिद्यार्थी युनियनका प्रदेश सदस्य उमेश कुमार साहले भोजन खुवाउन थालेका छन्। उनले स्वदेश फर्किनको लागि सीमा क्षेत्रमा रहेका भारतीयलाई समेत भोजन खुवाउन लागेका छन्।



# अस्थायी कोरोना विशेष अस्पताल भर्‍यो

**टुडे समाचारदाता**

मलगंवा । सर्लाहीको मलंगवा-२ स्थित श्रीसन्त अल्पमाई रामनारायण नर्सिङ कलेजमा खडा गरिएको अस्थायी कोरोना विशेष अस्पताल (आईसोलेसन वार्ड) संक्रमितले भरेको छ । यसअघि मात्र ४१ जना कोरोना संक्रमितलाई आइसोलेट गरिएको अस्पतालमा सर्लाहीको ब्रहम्पुरीका ३ जना संक्रमितलाई राखेपछि आईसोलेसन वार्ड भरिएको हो ।

सर्लाहीको मलंगवास्थित २ जना पत्रकार र हरिपुर्वाका एक जना मान्सिक सन्तुलन गुमाएका कोरोना संक्रमितलाई छुटाछुटै कोठा दिनुपरेकोले ५० बेड क्षमता भएको आईसोलेसन कक्ष ४४ जना मै भरिएको अस्थाई कोरोना विशेष अस्पताल मलंगवाका इन्चार्ज डा.रविले बताए।

आइतबार मात्र सर्लाहीको ब्रहम्पुरी गाउपालिकाका ३ जना सहित हरिपुर नगरपालिकाका ७ जनामा कसंक्रमण पुष्टि भएको थियो। ब्रहम्पुरीका ३ जना संक्रमित मलंगवा स्थित आईसोलेसन




वार्डमा अटाएपनि हरिपुर का ७ जना कोरोना संक्रमितका लागि हरिपुर नगरपालिकामै व्यवस्था मिलाईएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी मोहन बहादुर जिसीले बताए।

हरिपुर नगरपालिकाका ७ जना संक्रमितलाई हरिपुर नगरपालिका स्थित फत्तहदवामा आईसोलेसन वार्ड स्थापना गरि आईसोलेट गरिएको प्रजिअ जि.सींको भनाई छ । थप आवश्यक व्यावस्था मिलाउन प्रदेश सरकार,स्थानीय सरकार तथा सर्लाही अस्पतालसंग सहजीकरण गरि काम अगाडि बढाईसकेको प्रजिअ जि.सी.को भनाई छ ।

चेक जाचको दायरा बढाएसंगै सर्लाहीमा धमाधम कोरोना संक्रमितको संख्या बढदै छ । आज मात्रै सर्लाहीको कबिलासी नगरपालिकामा ३६ जना र हरिपुरमा २ जनामा कोरोना संक्रमण पुष्टि भएसंगै सोमबार पुष्टि भएका संक्रमितलाई कहाँ आइसोलेट गर्ने भन्ने बारेमा थप समस्या उत्पन्न हुने देखिएको हो ।

अहिले सर्लाहीमा जम्मा १ सय ९ जनामा कोरोना संक्रमण पुष्टि भईसकेको छ भने एक जना सर्लाहीको धनकौल गाउँपालिकाका १४ बर्षिय बालक निको भएर डिस्चार्ज भएका छन्।

# वादविवाद गर्दा समातिए फरारको सूचीमा रहेका युवक

**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले कर्तव्य ज्यान उद्योग मुद्दामा फरार रहेका एक युवकलाई पक्राउ गरेको छ। गाउँमा बादविवाद गर्ने क्रममा उनी पक्राउ परेका हुन्।

मिर्चैया नगरपालिका ३ बस्ने २० बर्षीय दिपा भनिने दिपनारायण यादवलाई पक्राउ गरिएको सिरहा प्रहरीका प्रबक्ता बिनोद घिमिरेले बताए । यादवले २०७४ साल



बैशाख १० गते गाउँके ४७ बर्षीय राजेन्द्र यादवलाई लाठी, भाला, फर्साले ज्यान मार्ने नियतले प्रहार गरेको प्रहरीको भनाई छ।

यादव गाउँ घरमा बादविबाद गरी शान्ति सुरक्षामा खलल पुर्याई रहेको अबस्थामा सोमबार ईलाका प्रहरी कार्यालय मिर्चैयाको टोलीले नियन्त्रणमा लिएको थियो। उनलाई नियन्त्रणमा लिएपछि उनी कर्तव्य ज्यान उद्योग मुद्दामा फरार व्यक्ति रहेको खुलेको प्रहरीको भनाई छ।

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१ ☎☎

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गाडी दुर्घटना हुँदा १२ को मृत्यु

बाँके। बाँकेको राप्तीसोनारी गाउँपालिका-२ ठुरिया जङ्गलमा आइतबारराति भएको गाडी दुर्घटनाका घाइतेको पहिचान खुलेको छ। दुर्घटनामा ज्यान गुमाउने १२ जनाको भने सनाखत हुन बाँकी छ। जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार दुर्घटनामा घाइते २१ मध्ये २० जनाको पहिचान खुलेको छ । दुर्घटनामा गम्भीर घाइते भएका चार जनाको भेरी अस्पताल नेपालगञ्जमा उपचार भइरहेको छ।



दुर्घटनामा परेका सबै भारतबाट आएको प्रहरीले जनाएको छ । घाइते हुनेमा सबैभन्दा धेरै सल्यान जिल्लाका छन् । घाइते हुनेमा सल्यान शारदा नगरपालिका-६ कजेरीकी २९ वर्षीया टीका चलाउने, बनगाड कुपिन्डे नगरपालिका-६ घाँजरीका २० वर्षीय मीनराज विक र ५२ वर्षीय दीपबहादुर बुढा रहेका छन्।

त्यस्तै सल्यान सिद्धकुमाख गाउँपालिका-५ छापडाँडाका १८ वर्षीय धनबहादुर बोहरा, २६ वर्षीय निमबहादुर वली, दहका ४० वर्षीय तेजबहादुर बुढाथोकी, १८ वर्षीय देवेन्द्र खड्का, १७ वर्षीय ज्ञानबहादुर बोहरा, वडा नं ४ चाँदेका २८ वर्षीय लोकेश घर्ती र २६ वर्षीय शिव भण्डारी रहेका छन् भने एक जनाको नाम र ठेगाना खुलेको छैन।

त्यस्तै दाङ घोराही उपमहानगरपालिका-५ धर्नाका ४५ मेघराज केसी, राजपुर गाउँपालिका-६ ग्रामीखोलाका २० वर्षीय दीपेश चौधरी, राजपुर गाउँपालिका-२ रैनियाका २१ वर्षीय जीवन घर्ती, गढवा गाउँपालिका-६ भानपुरका २० वर्षीय भरत थापा, तुलसीपुर उपमहानगरपालिका-२ खेरीकोटका ३९ वर्षीया विष्णु गिरी र २३ वर्षीय रुपलाल केसी घाइते भएका छन् । यसैगरी घाइते हुनेमा रोल्पाको त्रिवेणी गाउँपालिका-७ का १७ वर्षीय सुनिल परियार, २० वर्षीय वीरेन्द्र परियार, १८ वर्षीय पुरन परियार, टुटुका ४० वर्षीय दिलबहादुर विक र दुईखोली गाउँपालिकाका कुरेलीका ५२ वर्षीय नरबहादुर विक रहेका छन्। दुर्घटनामा परी मृत्यु भएकाको पहिचान नभएको र उनीहरुको शव अस्पतालमै राखिएको प्रहरीले जनाएको छ।

नेपालगञ्जबाट सल्यान जाँदै गरेको ना५ख ५९९५ नंको फोर्स गाडी राप्तीसोनारी गाउँपालिका-१ अगैया नजिकै पूर्वपश्चिम राजमार्गको ठुरिया जङ्गलमा रोकिराखेको बा४ख ९०६४ नंको ट्रकमा ठोक्किँदा गएराति १२ जनाको मृत्यु भएको थियो । मृतकको पहिचान नखुलेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी निरीक्षक हृदेश सापकोटाले जानकारी दिनुभयो ।रासस

# कोरोना सङ्क्रमितलाई निःशुल्क पौष्टिक खाना

जनकपुरधाम। कोरोना भाइरसबाट सङ्क्रमित बिरामी र क्वारेन्टिनमा बसेका व्यक्तिलाई जेठ १४ गतेदेखि शुरु गरिएको निःशुल्क पौष्टिक खाना खुवाउने कार्यक्रम जारी छ।

प्रादेशिक अस्पताल जनकपुरको आइसोलेशनमा भर्ना भएका बिरामी र क्वारेन्टिनमा बसेका व्यक्तिले पोषिलो खाना नपाएको गुनासो बढ्दै गएपछि गैरसरकारी सामुदायिक संस्था सानो पाइलाले जेठ १४ गतेदेखि पोषिलो खाना तथा खाजा खुवाउन शुरू गरेको हो। जनकपुरमा ३१ जना बिरामीलाई खाना तथा खाजा खुवाउने गरिएको छ।

प्रदेश सरकारको आग्रहमा सानो पाइलाले विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड र सरकारको कार्यविधिअनुसार धनुषामा पौष्टिक खाना खुवाउँदै आएको छ। "विविध कारणले गर्दा धनुषामा कोभिड-१९ का बिरामी र क्वारिन्टनमा बसेका व्यक्तिलाई पौष्टिक खाना खुवाउन समस्या भएकाले सानो पाइलाले यो अभियान अघि सारेको छ", सानो पाइलाका क्षेत्रीय प्रमुख अधिवक्ता राहुलकुमार झाले भन्नुभयो, "यो अभियानलाई जनकपुरवासी र प्रदेश सरकारको साझा अभियानका रुपमा स्थापित गर्ने हाम्रो लक्ष्य छ।" यसका लागि समुदाय र सरकार दुवैको सहयोग लिइने उहाँको भनाइ छ।

यसअघि सानो पाइलाले समुदायको सहयोगमा पर्सामा उपचाररत कोभिड-१९ का बिरामीलाई जेठ ५ गते बाट नियमित चार समय पौष्टिक खाना उपलब्ध गराउँदै आएको छ। साप्ताहिकरुपमा समुदायको सहयोग र पौष्टिक खानामा भएको खर्च सार्वजनिक गर्दै आएको सानो पाइलाले हालसम्म सरकारी सहयोग नलिएको जनाएको छ।

"सरकारी संयन्त्रलाई महामारीमा सघाउनु सबैको कर्तव्य हो", सानो पाइलाका सभापति सुदीपकुमार लामाले भन्नुभयो, "हामीले समुदायको सहयोग समुदायसम्म पुऱ्याउन साँघुको काम गरिरहेका छौं।"रासस

# लकडाउनको समयमा पनि विकास निर्माणको काम निरन्तर

मलगंवा । सर्लाहीका स्थानीय निकायले लकडाउनको समयमा पनि विकास निर्माणका कामलाई प्राथमिकता दिएका छन्। आर्थिक वर्ष २०७६/०७७ मा रकम विनियोजन भएका विकास निर्माणका काम धमाधम भइरहेका छन्।

जिल्लामा ११ नगरपालिका र नो गाउँपालिका छन्। उनीहरूले लकडाउनको समयमा पनि सामाजिक दूरी कायम राख्दै विकास निर्माणका कामलाई प्राथमिकताका साथ सञ्चालन गरिरहेका छन् । विश्वव्यापी माहामारीको रूपमा फैलिएको कोभिड-१९ विरुद्ध नेपाल सरकारले गत चैत ११ गते घोषणा गरेको लकडाउन जारी रहेको रहेको छ । नेपालकै सबैभन्दा बढी स्थानीय निकाय भएको जिल्लामा विकास निर्माण कार्यलाई लकडाउनले खासै प्रभाव पार्न सकेको छैन।

पछिल्लो क्रममा आर्थिक वर्ष २०७७/०७८ मा जिल्लाको सबैभन्दा धेरै रकम प्राप्त गर्ने लालबन्दी नगरपालिकामा १७ वटा वडा रहेका छन् । चालु आर्थिक वर्षमा विनियोजन गरिएको रकमको करिब ६० प्रतिशत काम सकिएको नगरपालिकाका प्रमुख मानबहादुर खड्काले बताउनुभयो । बन्दाबन्दीका कारण काम गर्न केही समस्या भएको भए पनि नगरमा ठेक्का प्रक्रियामार्फत गरिने काम निरन्तर भइरहेका छन्।

लकडाउन जारी रहेको भए पनि नगरभित्रका विकासका काम निरन्तर हुँदा केही बेरोजगार तथा मजदुरलाई आफ्नो दैनिकी चलाउन सहज भइरहेको नगर प्रमुख खड्काले बताउनुभयो । उहाँका अनुसार नगरपालिकाले चालु आवमा साना तथा ठूला विकास निर्माणका कार्य प्राथमिकतामा परेका र त्यसको काम भइरहेका छन्।

नगरपालिका-६ को राधाकृष्ण खेल मैदानमा रङ्गशाला निर्माण, फोहोरमैला व्यावस्थापनको रणनीतिक योजना निर्माण, नयाँ हाइटेन्सन लाइनमुनिको जग्गामा पोखरी निर्माण र लालबन्दी खसी तथा मासु बजार व्यवस्थापनको काम भने हुन सकेको छैन। हरेक वडामा जाने सडकको मर्मत तथा स्तरोन्नति, दृश्यावलोकन स्तम्भ निर्माणका लागि ठेक्का लगाउनेलगायतका काम निरन्तर भइरहेको नगर उपप्रमुख शान्तिकुमारी लामाले बताउनुभयो । नगरभित्र शिक्षा क्षेत्रको सुधार, बजार व्यवस्थापन, ढल निकास व्यवस्थापन, खेलकूद क्षेत्रको विकासका साथै नगरको आफ्नै भवन निर्माणको शिलान्याससमेत भएको छ।रासस

# दुर्घटनाका मृतक र घाइतेको पिसिआर नेगेटिभ

बाँके। बाँकेमा आइतबारराती भएको सवारी दुर्घटनामा परेर मृत्यु तथा घाइते भएका ३३ जनाको कोरोना परीक्षण रिपोर्ट नेगेटिभ आएको छ।

दुर्घटनामा परेकाहरु भारतबाट आएकाले कोरोना भाइरसको जोखिम रहेको भन्दै पिसिआर परिक्षण गरिएको थियो । दुर्घटनामा मृत्यु भएका तथा घाइते भएकाहरुमा कोरोना भाइरस भए/नभएको पुष्टि गर्न बिहान स्वाब सङ्कलन गरेर परिक्षण गरिएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले बताउनुभयो।

उहाँले मृतक तथा घाइते सबैको रिपोर्ट नेगेटिभ आएको बताउनुभयो । परिक्षण रिपोर्ट नेगेटिभ आएपछि मृतकलाई आफन्तको जिम्मा लगाइने भेरी अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.प्रकाशबहादुर थापाले बताउनुभयो । दुर्घटनामा परेर बुद्धिराम बिक, भीमबहादुर बिक, दिलबहादुर बिक, नरेन्द्र बिक, मोहनचन्द्र बिक, रामबहादुर पुन, पुर्णबहादुर पुन, सीता पुन, दानबहादुर खड्का, पवन भण्डारी र रितेश खड्काको मृत्यु भएको छ भने एकजनाको सनाखत हुन बाँकी छ।

त्यस्तै २१ जनाको भेरी अस्पतालमा उपचार भइरहेको छ । घाइतेमध्ये चार जनाको अवस्था गम्भीर रहेको अस्पतालले जनाएको छ। आइतबारराती नेपालगन्जको सीमा नाका जमुनाहबाट सल्यान जाँदै गरेको ना ५ ख ५९९५ नम्बरको फोर्स गाडी राप्तीसोनारी गाउँपालिका-१ अगैया नजिकै पूर्वपश्चिम राजमार्गको ठुरिया जङ्गलमा रोकिराखेको बा४ख ९०६४ नम्बरको ट्रकमा ठोक्किँदा १२ जनाको मृत्यु भएको थियो भने २१ जना घाइते भएका थिए।रासस

# काभ्रेका क्वारेन्टिनमा दैनिक सय

काभ्रे। एक सातादेखिभारतबाटदैनिकसयको हाराहारीमा काभ्रेपलाञ्चोकका नागरिक जिल्ला फर्किरहेका छन्। उनीहरुलाई स्थानीय क्वारेन्टिनमा राखिएको छ। हालसम्म करिब पाँच सय भारतबाट आएका छन्।

कोभिड-१९ रोकथाम तथा नियन्त्रण जिल्ला कमाण्ड पोष्टका सदस्य एवम् जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा.नरेन्द्र झाले भारतबाट पछिल्ला दिनमा दैनिक सयको हाराहारिमा जिल्लावासी आउन थालेको बताउनुभयो। उहाँले भन्नुभयो"अब क्वारेन्टिन र बेड थप्नुपर्ने देखिन्छ। क्वारेन्टिनमा बसेका तथा समयावधि सकिएपछि पनि कोरोना भाइरसको सङ्क्रमण देखिएकाको परीक्षण गरिनेछ।रासस

# आइसोलेसन कक्षको अभाव

जलेश्वर। महोत्तरी जिल्लामा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्या बढेसँगै सङ्क्रमितलाई राख्न आइसोलेसन कक्षको अभाव भएको छ । जिल्ला सदरमुकाम जलेश्वरस्थित जिल्ला अस्पतालमा कूल ५० सङ्क्रमित राख्ने आइसोलेसन कक्ष स्वीकृत भए पनि सङ्क्रमित थपिएपछि हाल १५ जना मात्र अट्ने कक्ष बनाइएको छ । कोरोनाबाट सङ्क्रमितको सङ्ख्या २३ र आरडिटीबाट ३७ जना गरी ६० पुगेको छ। पिसिआरका १९ जना र आरडिटी नौ जना गरी २८ बिरामी उपचारका लागि जलेश्वर स्थित जिल्ला अस्पतालमा भर्ना भएका छन्।

अन्यको उपचार जनकपुर कोरोना अस्पतालमा भइरहेको छ। भवनमा आइसोलेसन कक्ष र भेन्टिलेटरसहितका कक्षनिर्माण कार्य जारीरहेकोछ। कोरोनासङ्क्रमणपुष्टि भइसकेकालाई क्वारेन्टिनस्थलमै राखिँदा त्यहाँ रहेका अन्य व्यक्तिमा समेत सङ्क्रमण फैलिन सक्ने खतरा बढेको छ।

सङ्क्रमणको त्रास बढेको दुई महिनाभन्दा बढी बितिसक्दा पनि अस्पतालमा आइसोलेसन कक्ष निर्माणमा तदारुकता नदेखाइएका कारण अहिले आएर सङ्क्रमितलाई राख्ने स्थानको अभाव भएको हो। कोरोना सङ्क्रमितको सङ्ख्या प्रतिदिन बढ्दै जान थालेपछि जिल्लाको मौजुदा क्षमताले उपचार प्रक्रिया थाम्न नसक्ने देखिएको छ । पिपिई, कीट, भिटिएम, आइसोलेसन शच्या, पिसिआर उपकरण र भेन्टिलेटर सामग्री पर्याप्त छैन नै स्वास्थ्यकर्मीको जनशक्ति पनि अपुग छ ।

**जथाभावी खर्च दुरुपयोग बढ्यो**

क्वारेन्टिनमा बस्नेको सङ्ख्या बढेपछि महोत्तरीका स्थानीय तहहरुले क्वारेन्टिनका नाममा मापदण्डबिना नै जथाभावी खर्च गरिरहेका छन् । पछि बिलभर्पाइअनुसार भुक्तानी गर्ने गरी खर्च भएकाले दुरुपयोगको सम्भावना बढेको हो । क्वारेन्टिनमा मानिसको सङ्ख्या बढेकाले नगरप्रमुख तथा वडाध्यक्षले पछि बिलभर्पाइ पेश गर्ने नाममा अहिले जथाभावी खर्च गरिरहेका छन्।

स्थानीय तहले जथाभावी खर्च देखाए पनि बजेट सक्न आधारभूत पूर्वाधारबिनै क्वारेन्टिन निर्माण गरेको, क्वारेन्टिनमा चिसो भुइँमा त्रिपालमाथि फम र तन्ना ओच्छ्याएर सुताउने गरिएको, खानाको प्रबन्ध राम्रोसँग नगरिएको पाइएको छ। रासस

# लकडाउनमा पनि विकास योजनालाई तिब्रता

**टुडे समाचारदाता**

वीरगञ्ज । बन्दाबन्दीमा विकास योजनाले तिब्रता दिएपछि निम्न बर्गलाई राहत भएको छ । कोरोना महामारीको कारण दुई महिनादेखि लागु रहेको बन्दाबन्दीले दैनिक ज्यालादारी गरेर जीवनयापन गर्ने व्यक्तिहरुलाई समस्या भएको थियो।

केहि हप्तादेखि संघीय तथा प्रदेश सांसदहरुको कोषबाट भइरहेको विकास योजनाले रोजगारी सिजर्ना गरेकोले आर्थिक गतिविधिहरु पुन सुरु भएको छ । वीरगञ्ज महानगरपालिकाको वडा नम्बर २४ को बहुअरी टोलमा सुरु भएको सडक निर्माण योजनाको प्रदेससभा सदस्य रमेश पटेल र डा अन्जु यादवले संयुक्तरुपमा उदघाटन गरेका थिए ।



प्रदेश सांसद रमेश पटेलको संसदिय कोषबाट निर्माण भइरहेको सडक ढलान योजना ५०लाखको लागतमा २ हजार ७ सय ८६ स्क्वायर मिटर सडकमा माटो पुरी ग्रेभल गरेको ढलान गर्ने कार्य सोमबार सुरु भएको छ।

पुरे विश्व कारोनाको महामारीबाट आक्रान्त भएकोले जनजीवन नै ठप्प भएको बताउदै प्रदेससभा सदस्य पटेलले बन्दाबन्दीको समयमा विकास निर्माणबाट नै रोजगारीको अवसर प्रदान गर्ने बताए।

दुई महिनादेखि थपरहेको जिवनचक्रलाई विकास निर्माणले केहि हदसम्मको रोजगारीको अवसर प्रदान गरेको उनले बताए।सडक निर्माण उदघाटन कार्यक्रममा वडा नम्बर २४ का वडाध्यक्ष दशरथी पटेल लगायत गाउँका स्थानिय बुद्धिजिवि तथा विभिन्न दलका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो।

# गर्भवती, सुत्केरी एवं मुसहर समुदायलाई राहत बितरण

**टुडे समाचारदाता**

मलगंवा । सर्लाहीको चन्द्रनगर गाउँपालिका २ मा गर्भवती तथा सुत्केरी आमा भएको ९३ विपन्न परिवारलाई एकीकृत पोषण प्याकेज प्रदान गरिएको छ । मिथिला वाइल्डलाइफ ट्रस्ट र भोरको सहकार्यमा देशका १५ जिल्लाका २२५० विपन्न परिवारका गर्भवती तथा सुत्केरी आमालाई उक्त पोषण प्याकेज प्रदान गर्ने योजना अनुरुप चन्द्रनगर २ का ९३ परिवारलाई वितरण गरिएको भोरका कोषाध्यक्ष उमेश कुमार साहले बताए । कोषाध्यक्ष साहकै संयोजन र व्यवस्थापनमा उक्त प्याकेज वितरण गरिएको छ।



लकडाउनको ६५ दिनसम्म पनि कुनै तहबाट गर्भवती तथा सुत्केरीलाई पोषण सामाग्री नपाएर कुपोषण चपेटा आउदै गरेकालाई प्रतिपरिवार २० किलो चामल, १ किलो दाल, आधा लिटर खानेतेल, आधा किलो सोयाबिन, ३ किलो हरियो तरकारी, १ किलो आयोडिनयुक्त नुन, १ किलो गेडागुडी, १५ वटा अण्डा र स्थानीय स्तरमा उपलब्ध फलफुल केरा र कांक्रो प्रदान गरिएको मिथिला वाइल्डलाइफ ट्रस्टका प्रमुख देव नारायण मण्डलले जानकारी गराए । सप्तरीमा भने लकडाउनका पिल्सिएका मुसहर समुदायलाई राहत बितरण गरिएको छ । नेपाली वेलफेयर सोसाइटी युकेले कोरोना संक्रमण प्रभावित सप्तरीको कञ्चनरुप नगरपालिका ५ पथरी रामपुरका ३२ घर परिवारलाई राहत वितरण गरेको हो।

दलित सरोकार मञ्च नेपालको संयोजनमा प्रतिपरिवार एक बोरा चामल, तीन केजी दाल, तेल एक लिटर र एक पोका नुन उपलब्ध गराइएको मंचका भोला पासवानले बताए।विपद्का वेला राज्यले समेत सबैलाई सहयोग उपलब्ध गराउन नसकिरहेका वेला राहतसहयोगगरिएकोसोसाइटीका सल्लाहकार डाक्टर बुद्धि नेपालीले बताए।

# घाइतेको निःशुल्क उपचार गर्न माग

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पूर्व-पश्चिम राजमार्गअन्तर्गत बाँकेको राप्ती सोनारी गाउँपालिका-२ मा आइतबार राति भएको सवारी दुर्घटनाको खबरले आफू स्तब्ध भएको बताउनुभएको छ।

अध्यक्ष दाहालले आज एक वक्तव्यमार्फत दुर्घटनामा परी निधन भएका प्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ।

उहाँले दुर्घटनामा घाइते हुनुभएको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उहाँहरुको निःशुल्क स्वाथ्योपचारको माग गर्नुभएको छ। अध्यक्ष दाहालले भन्नुभएको छ, लकडाउनको समयमा तीव्र गतिका कारण हुने गरेका यस प्रकारका सवारी दुर्घटना रोक्न सम्बन्धित सबैको गम्भीर ध्यानाकर्षण पनि गराउँछु।रासस

# ५९ जिल्ला कोरोनाको चपेटामा

काठमाण्डु। कोभिड-१९ को सङ्क्रमितको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ। गत माघ ९ गते पहिलो पटक वुहानबाट आएका एक युवामा सङ्क्रमण देखिएसँगै अहिले सङ्क्रमित एक हजार ८०० नाघेको छन् । आज मात्र विभिन्न ठाउँमा गरिएको परीक्षणमा एकै दिन २३९ जनामा देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार गरेको नियमित पत्रकार सम्मेलनमा जानकारी दिइयो। सोमबार डोटीमा पहिलो पटक सङ्क्रमण देखिएको छ । डोटीमा सङ्क्रमण देखिएसँगै ५९ जिल्लामा देखिएको हो। अब सङ्क्रमण नदिएका जिल्ला जम्मा १८ रहेका छन्। ती सङ्क्रमितमध्ये पुरुष २२६ जना र महिला १३ जना रहेका छन्। सोमबार देखिएका २३९ सँगै सङ्क्रमित एक हजार ८११ पुगेका छन्।




सोमबार देखिएको सङ्क्रमण अहिलेसम्म बढी हो । आइतबार १६६ जना र गत शनिबार १८९ जना र गत शुक्रबार १७० जनामा सङ्क्रमण देखिएको थियो। सोमबार देखिएका सङ्क्रमितसँगै एक हजार ७९८ जनामा देखिएको छ । तीमध्ये एक हजार ६६७ जना पुरुष र १३१ जना महिला रहेका छन् । सोमबार देखिएका सङ्क्रमित कोशी अस्पतालको प्रयोगशालामा गरिएको परीक्षणमा झापा बाह्रदशीका ३२ र ४६ वर्षका पुरुष रहेका छन् । यस्तै पोखरास्थित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा नवलपुर कावासोतीका २२ र ३६ वर्षीय पुरुष र नवलपुर विनात्रिवेणीका १४ वर्षीया बालक रहेका छन्। यस्तै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा ४३ जनामा सङ्क्रमण देखिएको छ । दैलेखको नारायण नगरपालिकाका नौ जना १७ देखि ३५ वर्ष उमेर पुरुष, दैलेख सिमडाका दुई जना २४ वर्ष र २९ वर्षका पुरुष रहेका छन् । यस्ते दैलेख देवकाँडाका तीन जना १८ वर्षदेखि ३४ वर्षका, दैलेख सोतका एक जना ३५ वर्षिय पुरुष, दैलेख साँदुका एक जना २२ वर्षीय पुरुष, दैलेख जुकेपानीका एक जना ६० वर्षीय पुरुष रहेका छन्।

यस्ते दैलेख दुल्लुका सात जनामा पनि सङ्क्रमण देखिएको छ। तीमध्ये २३ वर्ष र ३० वर्षका महिला तथा र दुईका बालकदेखि ३९ वर्ष उमेर समूहका पुरुष रहेका छन्। यस्ते जुम्ला हिमाका आठ जना पुरुष २३ वर्षदेखि ६३ वर्षका रहेका छन् । जुम्ला सिंजाका नौ जना १२ वर्षीया बालकदेखि ४५ वर्ष उमेर समूहका रहेका छन्।

यस्ते जुम्लामा नै कार्यरत रहेका २७ वर्ष र ३४ वर्षका पुरुषमा पनि सङ्क्रमण देखिएको छ । सुर्खेत अस्पताल र पशुपक्षी रोग अन्वेषण प्रयोगशाला सुर्खेतमा गरिएको परीक्षणमा ३२ जनामा सङ्क्रमण देखिएको छ । तीमध्ये दैलेख नारायण नगरपालिकाका १६ जना पुरुष १० वर्षीया बालकदेखि ३६ वर्ष उमेर समूहका रहेका छन्। यस्ते दैलेख महावु गाउँपालिकाका एक जना २५ वर्षका पुरुष रहेका छन्। सल्यान कुपिण्डेका १० जना पुरुष २० वर्षदेखि ४० वर्षसम्मका रहेका छन् । सुर्खेत वराहातालका पाँच जना २० वर्षदेखि २६ वर्षका पुरुष रहेका छन्। यस्ते धुलिखेल अस्पतालमा गरिएको परीक्षणमा २० जनामा सङ्क्रमण देखिएको छ। तिनमा कपिलवस्तु वाणगङ्गाका ३१ वर्ष र ३८ वर्षीय महिला रहेका छन्। रौतहट परोवाका १४ जना १९ वर्षदेखि ४५ वर्षका पुरुष, रौतहट यमुनामाईका तीन जना पुरुष २२ देखि ३५ वर्षका र एक जना महिला २० वर्षका रहेकी छन्।

यस्तेभेरीप्रादेशिकअस्पतालको प्रयोगशालामा गरिएको परीक्षणमा सात जना ढुडुवा गाउँपालिकाका १७ देखि ३५ वर्ष उमेरका पुरुष रहेका छन् । राप्ति अस्पताल दाङमा गरिएको परीक्षणमा नौ जनामा सङ्क्रमण देखिएको छ । ती सबै दाङका पुरुष हुन् । तुल्सीपुर उपमहानगरपालिकाका पाँच जना १८ वर्षदेखि ३२ वर्षका, गढवा गाउँपालिकाका दुई जना २४ वर्ष र ३६ वर्षका, लमही नगरपालिकाका एक जना ४० र राप्ति गाउँपालिकाका एक जना ३६ वर्षका पुरुष रहेका छन्। रासस


## हंसपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बघचौडा, धनुषा
प्रदेश नं. २, नेपाल

## बोलपत्र आव्हान सम्बन्धी संशोधित सूचना

यस कार्यालयबाट मिति २०७७/१/४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचनाको ठेक्का नं. ७, ८ र ९ (सवारी साधन खरिद सम्बन्धी) को सम्बन्धमा यहि मिति २०७७।३।४ गते कार्यालय समय भित्र Bidding Document खरिद गरि मिति २०७७।३।५ गते दिनको १२:०० बजेसम्म दर्ता गर्ने म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै तोकिएको समयमा विदा पर्न गएमा कार्यालय खुलेको भोलीपल्ट दर्ता गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# के भैरहेछ सरकार

नेपालको प्रदेश २ मा कोरोना भाइरस संक्रमितको संख्या सर्वाधिक रहेकोछ ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतवार पुष्टि गरेकै अनुसारपनि संख्या साढे ६ सय पुगेकोछ ।संक्रमितहरुको सम्पर्कमा रहेकाहरुलाई क्वारेन्टाइन गरिदैन् ।पीसीआर टेस्ट भइरहेकै छैन् ।टेस्ट नहुँदा संक्रमितको यकिन हुन सकेको छैन् ।कोरोना भाइरस संक्रमणको लक्षण समेत नदेखिने भएकाले मानिस कसरी जोगिने भनेपनि चिन्ताछ ।प्रदेश २ को सरकारले प्रदेशको नारायणी, जनकपुरधाम र राजविराजमा कोरोनो भाइरसको पीसीआर टेस्टका लागि मेसिन जडान गराएकोछ ।बजेटपनि प्रयाप्त नै उपलब्ध गराइएकोछ ।सप्तरीमा ३ करोड बढी बजेट गएकोछ ।बीरगञ्जमापनि डेढ करोडको हाराहारीमा बजेट निकासा भएकोछ ।प्रादेशिक अस्पतालले पनि ३५ लाख पाएकोछ ।तर प्रदेश २ मा कोरोना भाइरसको पीसीआर टेस्ट शनिवार साँझदेखि नै बन्द भएकोछ ।नारायणी अस्पतालका अनुसार स्वाब संकलन र टेस्ट गर्न चाहिने आवश्यक किट लगायतका केमिकलहरु उपलब्ध नहुँदा बन्द भएकोछ ।प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको पीसीआर मेसिन अझै ट्रायल टेस्टमा नै रहेकोछ ।ट्रायल टेस्ट सफल भएपछि मात्र रिर्पोटिंग गर्ने टेस्ट हुन सक्छ ।हुनत प्रादेशिक प्रयोगशाला हाल पशु ज्ञान केन्द्रको नवनिर्मित प्रयोगशालामा सञ्चालन भइरहेकोछ ।तर जेनरेटर लगायतका सुविधा नहुँदा बिजुली बन्द भएसँगै जाँचपनि बन्द हुने गरेकोछ ।लक्ष्मीनिया गाउँपालिकाको माध्यमिक विद्यालयमा रहेको क्वारेन्टाइनमा १९ जना संक्रमित फेला परे ।तर संक्रमितहरुसँगै रहेका अन्यको परीक्षण नहुँदा त्यहाँ तनाव बढेकोछ ।लक्ष्मीनिया गाउँपालिकाकै वडा नम्बर १ को अरेरवामा एकै परिवारका ७ जना कोरोना भाइरस पोजिटिव देखिएका छन् ।तर त्यो परिवार र छिमेकीहरुको टेस्ट गरिएकोछैन् ।कन्ट्याक्ट ट्रेसिगको काम पूर्ण रुपमा बन्द भएकोछ ।संक्रमितको सम्पर्कमा रहेका मानिसहरुको समेत पीसीआर टेस्ट भइरहेकोछैन् ।प्रदेश २ भरी नै यस्तै समस्या छ ।प्रदेशको रौतहट जिल्लामा सर्वाधिक संक्रमितहरु फेला परेका छन् ।तर टेस्ट अत्यन्त कम भइरहेकोछ ।बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, कोसी अस्पताल विराटनगर, हेटौडा प्रयोगशाला र राष्ट्रिय प्रयोगशाला टेकु काठमाण्डुले समेत प्रदेश २ मा संकलन हुने स्वाबको टेस्ट गर्न अस्वीकार गरेकोछ ।प्रदेशका प्रयोगशालाहरुले पनि टेस्ट गर्न सकेको छैन् ।रकम बाँड्ने प्रदेश सरकार के गरिरहेकोछ ?कोरोना भाइरससितको लडाइमा प्रदेश सरकार प्रभावकारी हुन सकिरहेको छैन् ।संघीय सरकारले प्रदेश २ लाई पूर्ण रुपमा उपेक्षा गरेकोछ ।पालिका र जिल्ला प्रशासन कार्यालयबीच समन्वय भइरहेकोछ ।तर प्रदेश सरकारको भूमिका नै देखिदैन् ।लकडाउन भएपछि प्रारम्भिक चरणमा प्रदेश सरकारले दुई पटक प्रहरी र प्रशासनलाई रकम उपलब्ध गराए ।राहत वितरण गर्न पालिकाहरुलाई प्रदेश सरकारले बजेट उपलब्ध गराएको थियो ।त्यसपछि प्रदेश सरकारले घरेलु कार्यालय मार्फत राहत वितरण गरे ।प्रदेशमा भोकमरी नफैलिएपनि एकजनाको ज्यान खान नपाएरै गएको बताइन्छ ।भारतबाट घर फर्कने क्रममा जटही सीमामा एकजना युवकको भोककै कारण ज्यान गयो ।सरकार तत्काल पीसीआर टेस्टको दायरा फराकिलो बनाउ ।

# पूँजीको खेल र कोरोना



रोशन जनकपुरी

मुद्रामा हिसाब गर्दागर्दा मानिसको अन्तःचेतनामा समेत मुद्रा प्रतिस्थापित हुनजान्छ । यसलेगर्दा मानिसको समग्र चिन्तनप्रक्रिया नै नाफा-नोक्सान र पूँजी सञ्चयको सम्भाव्यतामा फेरिन्छ ।मानिसका प्रेम, घृणा, कोध, दुःख अर्थात निकटता तथा अलगावका सबै मानकहरु नाफा-नोक्सानको मानकहरुबाट सञ्चालित हुनेगर्छ । र, कुनैबेला 'बसुधैव कुटुम्बकम्' अर्थात सम्पूर्ण विश्व एउटा परिवार हो भन्ने मानवीय जीवनसूत्र अनुपयोगी देखिन थाल्छ र चरित्रगतरुपमा जस्तोसुकै भएपनि आर्थिक सम्भावना भएका मानिसहरु निकटका प्रियमा बदलिन्छन् ।

आधुनिक अर्थशास्त्रको भाषामा हाम्रा मानवीय सम्बन्धहरु पूँजीवादी सम्बन्धमा फेरिएका छन् । मानवीय चरित्रमा हुने यो परिवर्तन कति निर्मम छ भने यसले नजानिँदो तरिकाले मानिसको स्वतन्त्रता अपहरित गर्छ । पूँजीको यस खेलमा श्रमिक बाध्य हुन्छ भने पूँजीपतिलाई थप पूँजीको लोभले आकर्षित गरेको हुन्छ। उसको बाध्यता के छ भने उसले समयको उपयोग गर्न सकेन भने मौका पर्खिरहेका अन्य पूँजीपतिहरुले उसलाई धक्याएर बजारमा आफ्नो वर्चस्व कायम गर्नसक्छन् । यसरी कुनैबेला पूँजी लगानी गरेर शुरुगरेको बजारले नै अहिले पूँजीपति समेतलाई बाँदर झैं नचाई रहेको छ, जस्को डोरी औंलामा गनिने विश्व एकाधिकार पूँजीपतिहरुको हातमा छ । यस पूँजीवादी खेलमा भावना र मानवीय सम्बन्धहरु जड छन् भने आर्थिक स्वार्थपूर्ण सम्बन्धहरु मात्र गतिशील छन् । भ्यालेन्टाइन जस्तो प्रेमसम्बन्धको उत्सव होस अथवा भयावह युद्धह, सबै पूँजीबजारका हिस्सामात्र हुन् । अहिले हामीहरुले भोगिरहेको कोरोना भाइरस संक्रमणको रोगपनि ! साम्यवादी विचारका प्रवर्त्तक कार्ल मार्क्सले यसलाई मानवीयताबाट अलगाव भनेका छन् । र यस निर्मम व्यवस्थाका विरुद्ध उनले मानवीयतालाई केन्द्रमा राखेर पूँजीवादी व्यवस्थाको विरुद्ध समाजवादी व्यवस्था हुँदै साम्यवादी समाजको परिकल्पना गरेका छन् । एउटा यस्तो समाज जस्ले निजी सम्पत्ति र निजी पूँजीको साटो सामूहिक वर्चस्वको उत्पादनमुखी व्यवस्था तथा आर्थिक सम्बन्धको ठाउँमा मानवीय सम्बन्धलाई मूख्य मान्दछ ।

पूँजीबजार र नाफा-नोक्सानको चेतनाले मानवीय सम्वेदनालाई कतिसम्म जड बनाइदिएको छ कि ऊ लासबाटपनि नाफा कमाउने उपाय खोजी रहेको हुन्छ । यस चिन्तनप्रक्रियाको व्यापकता हामी आफ्ने परिवेशमा महसूस गर्न सक्छौं । वर्तमान विश्व कोभिड १९को वैश्विक महामारीबाट जुध्दै छ । केही दिन पहिलेसम्म सामान्य अवस्थामा देखिने नेपालमा पनि यस महामारीले आफ्नो भयावहता देखाईरहेको छ । हाल नेपालमा कोभिड १९ को भाइरसबाट संक्रमित हुनेको संख्या १६ सयको हाराहारीमा छ भने ८ जनाले ज्यानसमेत गुमाई सकेका छन् । यतिबेला जिम्मेवार राज्य होस अथवा समाजका अगुवा समुदाय, सबै रोगबाट पीडितहरुको सेवामा लाग्नु पर्ने थियो । प्रत्यक्षमा हेर्दा देखिन्छपनि त्यस्तै – देशमा कोरोना अस्पतालहरु छन्, आइसोलेसन क्याम्पहरु छन्, लकडाउनमा कामकाज ठप्प भएर असहाय बनेकाहरुको निम्ति राहत वितरणका समाचारहरु आई रहेका छन् । संघ, प्रदेश, स्थानीय निकायका मन्त्रीदेखी सन्त्रीसम्म होस वा व्यापारी अथवा कुनै अगुवा, सबैमा राहत बाँडदै फोटो खिचाउने होड देखिन्छ । ठाउँ ठाउँमा निःशूल्क भोजन शिविरहरु सञ्चालित भइरहेका छन् । सरकारले दुईचरणमा राहत वितरण गरेको समाचारहरु समेत पढिन थालिएको छ। कोरेन्टाइन र आइसोलेसन क्याम्पमा हजारौं शकास्पद र संक्रमितहरु राखिएको समाचारपनि निरन्तर आइरहन्छ। मीडियामा मास्क लगाउन र साबुनपानीले हात मिचिमिची धुने स्वास्थ्य निर्देशिका प्रदेश र स्थानीय सरकारहरु (नगरपालिका र गाउँपालिकाहरु) को नाममा निरन्तर छापिने गर्छ। र, संघीय राजधानीमा संघीयसरकारका स्वास्थ्य प्रवक्ता तथा प्रदेशहरुमा प्रदेशसरकारहरुका प्रवक्ताहरुले हरेकदिन पटक-पटक डाटा प्रकाशित र प्रसारित गरिरहेका हुन्छन् । यसो हेर्दा यस महामारीमा सबैतिर जिम्मेवारीपूर्वक काम भइरहेको देखिन्छ । तर गहिरिएर हेर्दा यस समग्र परिदृश्यमा पूँजी र नाफाको सम्वेदनहीन निर्मम खेल चलिरहेको सहजै देख्न सकिन्छ ।

सरकारले कोरोनासंक्रमणको जोखिमा कामगर्नेहरुको निम्ति भत्ता थप गर्छ, तर कयौं प्रदेशमा कोरानाको जाँच नै हुँदैन । कोरोनाको भय कतिसम्म व्याप्त छ भने व्यक्तिगत सुरक्षा पोशाक लगाएरपनि कयौं चिकित्सकहरु बिरामी जाँच्न मान्दैनन् । कोरोना महामारीको आडमा चिकित्सकहरुले अन्य बिरामीपनि जाँच गर्न मान्देनन् । तर तपाँईको निम्ति रोचक र दिक्कलाग्दो सूचना के हुनसक्छ भने सरकारी अस्पतालमा निःशूल्क बिरामी जाँच्न नमान्ने कयौं चिकित्सकहरुले आफ्नो क्लिनिक र निजी अस्पतालहरुमा सहजै बिरामी जाँच्छन् । सरकारले कोरेन्टाइनको निम्ति आवश्यक सामग्री पठाएको भन्छ, तर अधिकांश कोरेन्टाइन शिविरहरुमा एउटै बेडमा दुईजना सुताएको सम्मको समाचार आउँछ । कोरेन्टाइन त के आइसोलेसनमा राखिएका गरेका छन् । कोभिड१९ महामारीमा सरकारी सुविधामा भइरहेको अनियमिततामा यो पच्चीस रुपियाँ असूलीको घटना एउटा आँखीझ्याल मात्र हो । यसबाट छिर्नु भयो भने तपाँई कोरोनाको नाममा सम्पूर्ण राज्यव्यवस्थामा भइरुहेका व्यापक अनियमितता तथा पूँजीको खेल बुझ्नसक्नु हुन्छ। एउटा यस्तो खेल जस्मा रोगीहरुको निम्ति सरकारी र गैरसरकारीक्षेत्रबाट जम्मा पारिएका रकम, सामान र सुविधाहरुमा लूट मच्चाइँदे छ ।

तर योपनि चित्रको एउटा पक्षमात्र हो । यस कोरोनाले सामाजिक सम्वेदनाहरु समेत जड बनाइदिएको छ । भर्खरै धनुषाको जटही सीमा नाकामा सयौंका भीडमा भोक र रोगले छटपटिँदै प्राणत्याग गरेको विरेन्द्र गोहितवारको मृत्युलाई उदाहरणको रुपमा प्रस्तुत गर्नसकिन्छ । भारतमा रोजगारी गुमाएर फर्केका धनुषा जिल्लाको शहिदनगर नपाबस्ने विरेन्द गोहितवार च्युरा-चाउचाउको भरमा पैदले निरन्तर छदिनसम्म हिँडेर जटही सीमा नाकामा आइपुगेका थिए, जहाँ उनिजस्ते सयौं नेपालीहरु सीमा पार गरे आफ्नो देश पस्ने र गाउँ फर्कने आशामा सरकारी आदेशको प्रतीक्षामा थिए । भोक, रोग र थकाईले दाई थला परेको खबर पाएर उनको भाई एम्बुलेन्ससहित सीमा नाकामा पुगीसकेका थिए । तर रातीको समय भएको कारण प्रहरीले उनलाई सीमा पार जानदिएनन् । बिहान जब उनि सीमा पारी गए, उनको दाई विरेन्द्र छटपटिँदै आफ्नो देशको माटो टेक्न पाउने आशसहित संक्रमित रोगीहरुलाई समेत च्युरा र मुरही (भुजा) नाश्ता खुवाइन्छ । जबकि उनिहरुलाई छिटो तङग्रिन उच्चस्तरको पौष्टिक र स्वस्थ्यकर खाना खुवाउनुपर्ने हो । कोभिड१९बाट भर्खरै निको भएर फर्किएका एकजना पत्रकारले आइसोलसनमा रातीको समयमा पानीसमेतको व्यवस्था नभएको गुनासो गरेका थिए । उनको गुनासो सार्वजनिक भएपछि उनिबसेको क्याम्पमा केही सुधार भएकोपनि समाचारमा आयो । यो त समग्र चित्रको एउटा पक्षमात्र हो । भनिन्छ नि ' भत्केको घरमा झ्यालै झ्याल ', त्यस्तै छ ।

ठाउँ-ठाउँमा निःशूल्क भोजन क्याम्प चलिरहेको छ । यसको सञ्चालन समाजका केही अगुआले गरिरहेका छन् ; के उनिहरुले आफ्ने खर्चमा सञ्चालन गरिरहेका छन् ? अथवा विभिन्न सहयोगमा ? सामूहिक सहयोगमा हो भने यसको हिसाब किताब के हो ? कोही खोजखबर लिनेबाला छैन ।

भर्खरै एउटा समाचार पढियो, सप्तरीको एउटा गाउँमा स्थानीय जनप्रतिनिधिहरुले गरीब मुसहर समुदायसंग राहत दिलाइदिने नाममा २५ रुपियाँ प्रतिपरिवारको दरले अनियमित रकम असुल मरीसकेका थिए । कस्तो कानूनी व्यवस्था र कस्तो दुइ देशको सम्बन्ध ? मानवीय सम्वेदनाभन्दापनि माथी !

कुनै ठूलो मानिस वा धनाढ्य भएको भए उनका आफन्तले जिल्लादेखी केन्द्रसम्म पहल गर्थे, र कुनै त कुनै किसिमले राती नै उनलाई लिन एम्बुलेन्स सीमापार जान आदेशपनि आउनसक्थ्यो । अफसोस ! विरेन्द्र श्रमिक परिवारका मानिस थिए, र त सयौंको बीचमा पनि सीमालाई निहार्दै उनले ज्यान गुमाउनु पर्‍यो । बुझाई तीतो छ, तर योपनि पूँजीको खेल र वर्गीय असमान राज्यनीतिकै परिणाम हो ।


वस्तुतः यो एउटा विरेन्द्रको कोरोना कथा होइन । राज्यको डाटामा कोरोनाभाइरसबाट संक्रमितबाट मृत्यु भएको संख्या आठ मात्र छ । तर उनिहरु जो कोरोनाबाट संक्रमित थिएनन्, तर भाइरस संक्रमित हुने भयले चिकित्सकहरुले नमानेर समयमा उपचार नपाएर मरे, उनिहरुलाई के भन्ने ? अहिले तपाँई कोरोनाबाट संक्रमित हुनेहरुमा अधिकांश कोरेन्टाइनका बस्नेहरुको हो । एउटै कोरोना क्याम्पमा बीस, तीस, चालीस र सोभन्दा माथी संक्रमित हुनेगरेको बताइन्छ । कोरेन्टाइनमा सुरक्षित व्यवस्था भएको भए कोरोनासंक्रमितको संख्या कम हुन्थ्यो कि ? के नेपालमा कोरोनासंक्रमितहरुको बढ्दो संख्याको जिम्मेवार कोरेन्टाइन क्याम्पहरुको असुरक्षितव्यवस्था हो ? यस्को जिम्मेवारी कस्ले लिने ? सरकार ? वा सरकारले दिएको सामग्री र राहत रकममा घोटाला गर्ने नेता, मन्त्री, हाकिमहरु ? कस्ले जिम्मेवारी लिने ?

बेड खाली नभएको निहुँमा धरान अस्पतालमा भर्ना हुन नपाएर झापाका २७ जना बिरामीहरुले घन्टौं एम्बुलेन्स भित्रै बस्नुपरेको र यस मामिलामा प्रदेशनम्बर १को आन्तरिक मामिलामन्त्री आफै आउनुपरेको समाचारपनि पढिएकै हो । उनिहरु ठूलामान्छे भएको भए के ती चिकित्सकहरुले यसरी अवहेलना गर्नसक्थे ?

भनिन्छ कोरोनाभाइरसले सबैलाई समानरुपमा पिरोलेको छ । संक्रमण त समान होला, तर संक्रमित हुनुको सामाजिक कारणमा असमानता र उपचारमा सम्पन्न व्यक्तिहरुको निम्ति सहजता छ भने गरीब र गरिखाने वर्गसंग यस्तो सम्वेदनशील स्थितिमापनि भेदभाव छ । अब त सरकारले पैसातिर्नसक्ने हरुको निम्ति होटेलहरुमा फाइभस्टार कोरेन्टाइन र आइसोलेसनको व्यवस्था गर्दैछ । प्रश्न छ , के पैसावाल रोगीले पूरै तिर्नु पर्छ ? होइन, यसमा केही अनुदान सरकारीपनि हुनेछ । सरकारका स्वास्थय प्रवक्ताले पैसा हुनेले सरकारी मापदण्डको निजी अस्पतालहरुमापनि कोरोना जाँच गराउनसक्ने भनेपछि कयौं निजी अस्पतालहरुमा कोभिड १९को जाँच व्यवसाय शुरुपनि भइसकेको छ । जहाँसम्म सरकारी कोरोना अस्पतालको प्रश्न छ, कयौं प्रदेशमा पठाइएका जाँचमेसिनहरु काम गर्दैन भनिन्छ भने कयौंले स्वाब संकलन गरेर अन्यन्त्र जाँचमा पठाएको ढिलो रिपोर्ट आउने गरेको छ ।

हुन त कोभिड १९को वैश्विक महामारीले संसारका शक्तिशाली देशहरुलाई पनि थिलथिलो पारेको छ । प्रायः सबैतिर एकखाले बहुआयामिक अराजकताको स्थिति सिर्जना हुँदैछ। तरपनि समयसंगै चतुर पूँजीपतिहरुले कोरोनारोगको आवश्यकतालाई नै व्यवसायको माध्यम बनाउँदे छन् । र नेपाल जस्तो दलालपूँजीपतिहरुको वर्चस्व रहेको राजनैतिक व्यवस्थाका देशहरुभने यस व्यवसायका बजारमा परिणत हुँदैछन् । देशभित्र देखिने आर्थिक र व्यवस्थापकिय अराजकता तथा अनिमितता यसै बजारनीतिका परिणाम हुन् ।

प्रश्न छ, यस गञ्जागोलको हल के हो ? यसको अन्तिम हल त राजनैतिक र वर्गीयसंघर्षबाट समाजवादी राज्यव्यवस्थाको स्थापना नै हो , तर तात्कालिकरुपमा जनसमुदायमा वर्गीय सचेतता र, राज्य र उसका व्यवस्थापकीय अङ्गहरुमा दबाब सृजना गर्नु नै हो । जहाँसम्म कोरोनाबाट बच्ने कुरा हो, यसको निम्ति स्वास्थ्य निर्देशिकाहरुको पालन गर्नु पहिलो आवश्यकता हो ।



> “ हुन त कोभिड १९को वैश्विक महामारीले संसारका शक्तिशाली देशहरुलाई पनि थिलथिलो पारेको छ । प्रायः सबैतिर एकखाले बहुआयामिक अराजकताको स्थिति सिर्जना हुँदैछ । तरपनि समयसंगै चतुर पूँजीपतिहरुले कोरोनारोगको आवश्यकतालाई नै व्यवसायको माध्यम बनाउँदै छन् । र नेपाल जस्तो दलालपूँजीपतिहरुको वर्चस्व रहेको राजनैतिक व्यवस्थाका देशहरुभने यस व्यवसायका बजारमा परिणत हुँदैछन् । देशभित्र देखिने आर्थिक र व्यवस्थापकिय अराजकता तथा अनिमितता यसै बजारनीतिका परिणाम हुन् । ”

# बालक देखि बृद्धसम्म नियमित दूध सेवन गरौं, रोगप्रतिरोधात्मक क्षमता बढाऔं



डा. देव नन्दन साह

संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनको आह्वानमा सन् २००१ देखि जुन १ लाई अन्तराष्ट्रिय दूध दिवसका रूपमा मनाइँदै आएको छ। दूधको खाद्य सुरक्षा, पोषणका साथै रोजगारीका लागि महत्वपूर्ण योगदान भएकाले यो दिवस मनाउन सुरु गरिएको हो । यो दिवस मनाउँदा दूध उत्पादनमा गोठदेखि ओठसम्म पुग्दासम्म स्वच्छ प्रक्रिया अपनाउन प्रशिक्षित गर्ने तथा दूधको महत्वबारे सुसूचित गर्ने गरिन्छ। नेपालले पनि दूधको उपयोगमा वृद्धि गर्न सन् २०११ देखि यो दिवस मनाउँदै आएको छ।

यस वर्ष कोभिड(१९ का कारण विश्व दूध दिवसका कार्यक्रम सामाजिक सञ्जाल र सञ्चारमाध्यममार्फत मनाइँदै छ। दूध सेवनले पोषण प्राप्त हुनुका साथै रोग संक्रमणबाट बच्न प्रतिरोधात्मक क्षमतासमेत वृद्धि हुने चेतनामूलक सन्देश प्रवाह गरिनेछ। दूध र दूधजन्य पदार्थमा मानव शरीरका लागि अत्यावश्यक चिल्लो पदार्थ, प्रोटिन, ल्याक्टोज, क्याल्सियम, म्याग्नेसियम, भिटामिन ए, बी, डी, ई, तथा ल्याक्टोफेरिन, इम्युनोग्लोबुलिनलगायत तत्व पाइने हुँदा बालक देखि बृद्धसम्म यसले मानव शरीरमा रोगप्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ।

साधारणतया गाईको दूधमा ३-४५ घ्यू र ८-८.५५ अन्य ठोस पदार्थ हुन्छन् भने भैंसीको दूधमा ६-७५ घ्यू र ८.५-९.५५ अन्य ठोस पदार्थ हुन्छन् । नेपालको खाद्य ऐनले तोके अनुसार विभिन्न प्रकारका दूधको तत्वहरु निम्न अनुसार हुनुपर्दछ।

**खाद्य ऐनले तोके अनुसार विभिन्न प्रकारका दूधको गुणस्तर**

| क्र.सं. | दूधको किसिम | न्यूनतम घ्यू | न्यूनतम अन्य ठोस पदार्थ |
|---|---|---|---|
| १ | गाई | ३.५ ५ | ७.५ ५ |
| २ | भैंसी | ५ ५ | ८ ५ |
| ३ | स्टेण्डर्ड (प्रशोधित) दूध | ३ ५ | ८ ५ |

नेपालमा गाई भैंसी पालन कृषिको अभिन्न अंग हुनुको साथै दूध आम-जीवनको एक आवश्यक खाद्य वस्तु भएको हुनाले यस पेशाले देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याईरहेको छ। विगत केही वर्ष यतादेखि कृषकहरुले उत्पादन गरेको दूधको बजार पाउन केही कठिनाई महशुस गर्न थालिएको छ। बजारबाट टाढा रहेका ग्रामीण क्षेत्रका कृषकहरुले अर्ध-व्यवसायीक रुपमा दूध उत्पादन गरी ग्रामीण क्षेत्रमै घ्यू उत्पादन गरी दूधको मूल्य पाउन सक्दछन्। त्यस्तै बजार नजिक रहेका क्षेत्रमा कम लगानीका स-साना दुग्ध उद्योगहरुको स्थापना गरी केही हदसम्म स्थानीय तहमा नै दूधको खपतमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरु रहेका छन्।


विश्वको एक अर्ब जनसंख्या दूधजन्य व्यवसायमा छ। विश्वका करिब १३ प्रतिशत मान्छे दूध उत्पादन व्यवसायमा आश्रित छन् भने करिब ६० करोड जनसंख्याले १३ करोड ३० लाख डेरी व्यवसाय सञ्चालन गरी अर्थोपार्जन गरिरहेका छन्। विश्वखाद्य तथा कृषि संगठनले औल्याए अनुसार नेपालमा प्रतिव्यक्ति २५० ग्राम दुधको आवश्यक्ता भएकोमा १४५ ग्राम पुगेको र त्यस्तै १४ के.जी.मासु चाहिएमा करिब १० के.जी. मासु उपलब्ध भएको छ। नपुग दुध र मासुको मात्र विश्लेषण गर्ने हो, करिब २ करोड ६० लाख नेपालीलाई वार्षिक रुपमा करिब १० लाख मे.टन दुध नपुग छ, त्यस्तै वार्षिक रुपमा १ लाख ३० हजार मे.टन मासु नपुग देखिन्छ, । एक सर्वेक्षणले देखाए अनुसार हालको वार्षिक १५ लाख मेट्रिक टन दूध उत्पादन भएको र यसको वृद्धि दर वार्षिक ४५ छ भने दूध तथा दुग्ध पदार्थको माग वार्षिक ८५ ले वृद्धि भएको देखिन्छ। गरेको दूधको बजार पाउन केही कठिनाई महशुस गर्न थालिएको छ। बजारबाट टाढा रहेका ग्रामीण क्षेत्रका कृषकहरुले अर्ध-व्यवसायीक रुपमा दूध उत्पादन गरी ग्रामीण क्षेत्रमै घ्यू उत्पादन गरी दूधको मूल्य पाउन सक्दछन्। त्यस्तै बजार नजिक रहेका क्षेत्रमा कम लगानीका स-साना दुध उद्योगहरुको स्थापना गरी केही हदसम्म स्थानीय तहमा नै दूधको खपतमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरु रहेका छन्।

कोभिड(१९ महामारीले विश्व अर्थतन्त्र तहसनहस पारेको वेलामा नेपालको अर्थतन्त्र र यसभित्रको डेरी उद्योग पनि प्रभावित हुने नै भयो। डेरी क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा लगभग ९ प्रतिशत योगदान गर्छ। ग्रामीण भेगमा आयआर्जन, रोजगारी र अर्थतन्त्र चलायमान पार्न महत्वपूर्ण योगदान पु(याएको छ। पशुपालनबाट प्राप्त गोबर र गहुँतले माटोलाई उर्वर राखेर कृषि उपज बढाउन सघाउँछ।

कृषि मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष ०७५(७६ मा २१ लाख ६८ हजार चार सय ३४ टन दूध उत्पादन भएको थियो। यसमा भैंसीको दूध लगभग ६५ प्रतिशत र गाईको ३५ प्रतिशत छ। यसमध्ये संगठित क्षेत्रले लगभग १७ प्रतिशत दूध प्रशोधन गरी उपभोक्तासम्म पु(याएका थिए। तर, महामारी बढ्दै गएपछि रोजगारी र आम्दानीको अभावमा उपभोक्ता थातथलोमा फर्केका छन् र सहरी क्षेत्रमा दूधको खपत उल्लेख्य घटेको छ।

देशमा सञ्चालित धुलो दूध कारखानाले आफ्नो क्षमताले भ्याएसम्म संकलन गरी धुलो दूध र मखन उत्पादन गरे पनि लकडाउन लम्बिरहँदा दुईवटा समस्या थपिए। पहिलो, धुलो दूध र मखन भण्डारण गर्ने ठाउँ भरिएर उत्पादन राख्ने ठाउँ भएन। उत्पादन बिक्री नभएपछि पुँजी थन्किएका कारण किसानलाई भुक्तानी गर्न कठिनाइ भयो।

कुनै पनि प्राणीको आहारमा दूधको सर्वाधिक महत्व हुन्छ। जब शिशुले आमाको गर्भबाट जन्म लिन्छ उसलाई बचाउने पहिलो आहार उसको आमाको दूध नै हो। जन्मे देखि मर्ने बेला सम्मको लागि दूध सर्वोत्तम आहारा हो। दूधबाट अति स्वादिष्ट परिकारहरु (बिभिन्न मिठाईहरु) बनाउन सकिन्छ। पौष्टिकताको दृष्टिकोणले दूध एक सर्वोत्तम र सन्तुलीत आहारा हो, जुन वालक, वृद्ध, रोगी, सबैको लागि त्यत्तिकै महत्वपूर्ण हुन्छ। दूधको सामाजिक र धार्मिक महत्व पनि छ। यसको अतिरिक्त विगौंती दूधले नवजात शिशुलाई प्रशस्त मात्रामा शक्ति, प्रोटीन, भिटामीन, खनीज पदार्थ प्रदान गर्नुको साथै रोगसंग प्रतिकार गर्न सक्ने शक्ति (एण्टीवडिज) प्रदान गर्दछ। विगौती दूधले आन्द्रा र पेट सफा गरि पाचन कृया बढाउन मद्दत गर्दछ। त्यसैले नवजात शिशुलाई सकेसम्म छिटो बाक्लो विगौती दूध अनिवार्य खुवाउनु पर्दछ।



किसान, सहकारी तथा उद्योगका साथै नियमनकारी निकायले दूधको गुणस्तर गोठदेखि नै सुधार गर्ने प्रयास अझ तीव्र गर्न जरुरी छ। गुणस्तरमा ध्यान नदिए स्थानीय उत्पादनको बजार विस्तार हुँदैन। नेपाल डेरी साइन्स एसोसिएसनले सबै सरोकारवालाको सहभागितामा 'स्वास्थ्य र समृद्धिका लागि गुणस्तरीय दूध' विषयका गोष्ठी आयोजना गरी गुणस्तर सुधार गर्न सुझाब दिएको थियो।

गुणस्तर गोठदेखि ओठसम्म कायम हुनुपर्ने भएकाले गुणस्तरको अनुगमन पनि गोठबाटै सुरु हुनुपर्छ। गुणस्तरअनुसार दूधको मूल्य प्रणाली लागू गरे उच्च गुणस्तरको दूध संकलन गर्न सकिन्छ। यसले डेरी उद्योगलाई बढी प्रतिस्पर्धी पनि बनाउँछ। गुणस्तरीय दूध उत्पादन गर्नु खर्चिलो प्रक्रिया हो। यसैले दूध संकलन बढाउन र विस्तार गर्न दूध चिस्याउने केन्द्रको पूर्वाधारमा सुधारका लागि लगानी वृद्धि गर्न जरुरी छ।

यसले आम नागरिकको सवै प्राकृतिक, सामाजिक तथा सांस्कृतिक पक्षहरु सुर्दढ गर्दछ तथा गुणस्तर खाधवस्तु उचित मुल्यमा सहज उपलब्ध गर्दछ। कृषिवाट खाध सुरक्षा मात्र होईन, खाधसम्प्रभुता पनि प्रापत गर्न सकिन्छ जुन नेपालको संविधानमा समेत प्रत्याभुत गरेको छ। दिगो विकासले कृषक र प्राकृतिक श्रोतहरुको संरक्षणलाई बलियो बनाउन सहयोग पुरयाउछ र कृषकलाई जल, जङ्गल र जमिनमा निमुखाको पहुँच बढाई सबल बनाउछ।

***(लेखक डा. देव नन्दन साह डेरी विशेषज्ञको रुपमा चिनिन्छ) pndeon@gmail.com***

# एमसिसी संसद्बाट अनुमोदनपछि मात्रै कार्यान्वयन हुन्छ : अर्थमन्त्री



काठमाण्डु । अर्थमन्त्री डा युवराज खतिवडाले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौतासँग सम्बन्धित बजेट र कार्यक्रम संसद्ले अनुमोदन गरेपछि मात्रै कार्यान्वयनमा जाने स्पष्ट गर्नुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा आर्थिक वर्ष २०७७/०७८ को बजेटमा सांसदले उठाएका विषयमाथि स्पष्ट गर्दै मन्त्री डा खतिवडाले सो विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीले यही जेठ ६ गते स्पष्ट पारिसक्नुभएकाले सोहीअनुसार हुने बताउनुभयो।

सो सम्झौताका विषयमा यही जेठ १६ गते भएको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकमा संसद् बाट सम्झौता पारित नभएका अवस्थामा त्यसअन्तर्गतका बजेट र कार्यक्रम राखिएकामा प्रश्न उठाइएपछि अर्थमन्त्रीले सोबमोजिम स्पष्ट पार्ने सहमति भएको थियो। नेकपा सचिवालयले विस्तृत छलफल गरी सो सम्झौताबारे निर्णय गर्ने जनाएको छ।

मन्त्री डा खतिवडाले स्वदेशी आवश्यकता, राष्ट्रिय प्राथमिकता र हितलाई ध्यानमा राखेर वैदेशिक सहायता नीतिअनुसार वैदेशिक सहयोग लिई कार्यान्वयन गरिने पनि स्पष्ट गर्नुभयो। उहाँले कोभिड-१९ को संक्रमणका कारण विश्व अर्थतन्त्र नै संकटमा परेकाले अब क्रमशः आर्थिक त्रियाकलाप शुरु गर्दै जनजीवनलाई क्रमशः गतिशील बनाइने र कोरोना रोकथाम र नियन्त्रणमा विनियोजित बजेट अपुग भएमा पछि रकमान्तर गर्न सकिने जनाउनुभयो। रोग र भोकबाट बची छिमेकी मुलुकको अनुभवसमेतका आधारमा क्रमशः आर्थिक त्रियाकलाप सञ्चालन गर्दै औसत आर्थिक वृद्धिदर हासिल गर्न सकिने उहाँले जनाउनुभयो।

बजेट भौगोलिक हिसाबले सन्तुलित भएको तथा सङ्घ र प्रदेशको बजेट विनियोजन प्राकृतिकस्रोततथा वित्तआयोगको सुझावका आधारमा गरिएको जनाउँदै उहाँले श्रम र सीपलाई रुपान्तरण गरी नयाँ अवसर सिर्जना गर्ने कार्यक्रम बजेटमा उल्लेख भएको बताउनुभयो। उहाँले कोरोना महामारीका कारण खर्चमा मितव्ययिता अपनाउँदै प्रशासनिक र कार्यालयगत खर्चमा २८ प्रतिशत कटौती गरिएको बताउनुभयो। मन्त्री डा खतिवडाले बजेटको कार्यान्वयनका लागि सबै पक्षको सहयोग आवश्यक रहेकामा पनि जोड दिनुभयो।

**निजी विद्यालयलाई सुम्पन खोजेको होइन**

बजेटमा उल्लिखित 'एक निजी विद्यालयले एक सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि जिम्मेवारी वहन' बारे स्पष्ट पार्दै उहाँले निजी विद्यालयको एक प्रतिशत शिक्षा सेवा शुल्कको रकम सामुदायिक विद्यालयको पूर्वाधार विकासमा खर्च गराउने सोचअनुसार उसको सामाजिक उत्तरदायित्व र सहकार्यको वातावरण विकासका लागि सो प्रस्ताव गरिएको बताउनुभयो।रासस

# कर्णाली प्रदेशसभाका दुई सदस्यलाई बैठकमा प्रवेश गर्न रोक

सुर्खेत। कर्णाली प्रदेशसभा सचिवालयले दुई सदस्यलाई बैठकमा प्रवेश गर्न रोक लगाएको छ। प्रदेशसभा सदस्यद्वय अम्मरबहादुर थापा र सुशील थापालाई आइतबारदेखि बैठकमा प्रवेश गर्न रोक लगाएको हो। अम्मरबहादुर थापा दैलेख क्षेत्र नं १ (ख) बाट र सुशील थापा क्षेत्र नं २ (क) बाट निर्वाचित प्रदेशसभा सदस्य हुनुहुन्छ।

दुबै जनालाई कोभिड-१९ बाट सुरक्षित रहन प्रदेशसभाले बनाएको आचारसंहिताको उल्लङ्घन गरी सङ्क्रमणको उच्च जोखिममा रहेको जिल्लामा गएको आरोप छ।

दैलेखमा कोरोना सङ्क्रमण बढ्दै गएपछि प्रदेशसभा सदस्यद्वय क्वारेन्टिन व्यवस्थापन, आइसोलेशन निरीक्षण र जिल्ला भित्रिने नागरिकको उद्धारमा खटिनुभएको थियो। सभामुख राजबहादुर शाहीले आइतबारको बैठकमा अहिलेको अवस्थामा सबै सदस्यले सतर्कता अपनाउनुपर्ने भन्दै बजेट अधिवेशनभर कुनै पनि सदस्यलाई बाहिर नजान र स्वास्थ्य सुरक्षा सतर्कता अपनाउन रुलिङ गर्नुभएको थियो।

उहाँले टेलिफोन गरी सदस्यद्वयलाई एक साता होम क्वारेन्टिन बस्नुपर्ने र अनिवार्य कोरोना परीक्षण गरेरमात्र बैठकमा सहभागी हुन आग्रह गर्नुभएको छ। प्रदेशसभा सचिव जीवराज बुढाथोकीले प्रदेशसभा सचिवालयको अनुमतिबेगर जिल्लामा जाने सबैका लागि यो नियम लागू हुने बताउनुभयो। "कोभिड-१९ बाट सुरक्षित रहन प्रदेशसभाले बैठकमा सहभागी सबै माननीय, मर्यादापालक, पत्रकार, कर्मचारीसमेतको पिसिआर परीक्षण गरिएको थियो, बैठकमा सामाजिक दूरी कायम गर्ने गरिएको छ, निर्मलीकरणका सबै उपाय अपनाइरहेका बेला उहाँहरु जिल्ला जानुभयो", सचिव बुढाथोकीले भन्नुभयो, "एक साताका लागि भनेर रोक लगाइएको छैन, कोरोना परीक्षण गरेर बैठकमा आउनसक्नुहुन्छ।"

प्रदेशसभा सदस्य सुशील थापाले सभामुख पूर्वाग्रही भएर आफूहरुलाई बैठक प्रवेशमा निषेध गरेको प्रतिक्रिया दिनुभयो। "हामी गृहजिल्ला पुगेर कोरोना नियन्त्रणका सम्बन्धमा उच्चस्तरीय बैठकमा सहभागी भएर आएका हौँ, विपद्को बेला जनप्रतिनिधि जनतामाझ पुगेको विषयलाई अन्यथा लिनुहुँदैन", उहाँले भन्नुभयो। सभामुखले कसैलाई काखा, कसैलाई पाखाको व्यवहार गरेको उहाँको आरोप छ।

"अन्य माननीय र मन्त्रीहरु आफूखुशी हिँडडुल गर्दा आचारसंहिता लागू नहुने, हामीलाई मात्र लागू हुने न्यायोचित छैन्"।रासस

# संविधान दोस्रो संशोधन विधेयक नेपाल राजपत्रमा प्रकाशित

काठमाण्डु। सरकारले नेपालको संविधान (दोस्रो संशोधन) विधेयक २०७७ नेपाल राजपत्रमा प्रकाशित गरेको छ। नेपालको संविधानअनुसार, सर्वसाधारणको जानकारीका लागि उक्त विधेयक आइतबार नै नेपालपत्रमा प्रकाशित गरिएको हो।

नेपालको वास्तविक नक्सा सार्वजनिक गर्दै सरकारले उक्त नक्सा नेपालको निशासन छापमा समावेश गर्ने हेतुले संविधान संशोधन गर्न लागेको हो। सरकारले सङ्घीय संसद्मा यही जेठ ९ गते संविधान संशोधन गर्न विधेयक दर्ता गरेकामा कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङफेले आइतबार प्रतिनिधिसभा समक्ष उक्त विधेयक प्रस्तुत गर्नुभएको थियो।

संविधान संशोधन विधेयक सदनमा प्रस्तुत भएपछि सर्वसाधारणको जानकारीका लागि नेपालपत्रमा प्रकाशित गर्नु पर्ने संवैधानिक व्यवस्था छ। सङ्घीय संसद् सचिवालयले पनि उक्त संशोधन विधेयक सर्वसाधारणको जानकारीका लागि गोरखापत्र दैनिक, रेडियो नेपाल र नेपाल टेलिभिजनमासमेत सूचना प्रकाशन र प्रसारण गरेको छ। संविधान संशोधनसम्बन्धी विधेयक सदनमा प्रस्तुत भएको ३० दिनभित्र सर्वसाधारणको जानकारीका लागि सार्वजनिकरुपमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ। सूचनामा संविधान संशोधन गर्न पर्नाका कारणबारे भनिएको छ, नेपालको संविधानको अनुसूची ३ मा रहेको नेपालको निशान छापभित्र अङ्कित नेपालको नक्सालाई नेपालको वास्तविक सीमाअनुरुप मिलाउन आवश्यक भएकाले।

*नेपालको वास्तविक नक्सा सार्वजनिक गर्दै सरकारले उक्त नक्सा नेपालको निशासन छापमा समावेश गर्ने हेतुले संविधान संशोधन गर्न लागेको हो। सरकारले सङ्घीय संसद्मा यही जेठ ९ गते संविधान संशोधन गर्न विधेयक दर्ता गरेकामा कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङफेले आइतबार प्रतिनिधिसभा समक्ष उक्त विधेयक प्रस्तुत गर्नुभएको थियो। संविधान संशोधन विधेयक सदनमा प्रस्तुत भएपछि सर्वसाधारणको जानकारीका लागि नेपालपत्रमा प्रकाशित गर्नु पर्ने संवैधानिक व्यवस्था छ।*

सर्वसाधारणसँग प्रतिक्रिया लिने उद्देश्यले नभई संविधानअनुरुप जानकारीका लागि सूचना प्रकाशित गरिएको सङ्घीय संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिनुभयो। यद्यपि, विधेयकका सम्बन्धमा कुनै जिज्ञासा रहेछ भने आफ्ना् जनप्रतिनिधि (सांसद) मार्फत आफ्नो भावना सर्वसाधारणले व्यक्त गर्न भने सक्ने छन्। सात दिनपछि उक्त विधेयकलाई प्रतिनिधिसभामा विभिन्न चरण र प्रक्रिया पूरा गरी निर्णयार्थ प्रस्तुत गरिनेछ।

प्रतिनिधिसभाबाट दुई तिहाइका आधारमा पारित भएपछि उक्त विधेयक राष्ट्रियसभामा प्रवेश पाउनेछ। त्यहाँ पनि प्रतिनिधिसभा जस्तै विभिन्न चरण गरेपछि निर्णयार्थ सदनसमक्ष पेश हुने विधेयकलाई दुई तिहाइका आधारमा अनुमोदन गर्नुपर्नेछ। दुवै सदनबाट पारित विधेयकलाई सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनुपर्नेछ। राष्ट्रपतिबाट प्राप्त विधेयक १५ दिनभित्र प्रमाणीकरण हुनेछ। राष्ट्रपतिबाट प्रमाणीकरण भएकै मितिदेखि संविधान सशोधन हुनेछ।रासस

# बजेट कार्यान्वयन गर्ने निकाय सक्रिय बनाउन जोड



काठमाण्डु। राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदले कोभिड-१९ को संक्रमणका कारण विश्व अर्थतन्त्र नै संकटमा परेका सन्दर्भमा आर्थिक वर्ष २०७७/०७८ को बजेट समय सान्दर्भिक भएको जनाउनुभएको छ।सभाको आजको बैठकमा आगामी आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको छलफलमा भाग दिँदै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का देवेन्द्र दाहालले कोभिड-१९ का कारण स्वास्थ्य संकटबाट उत्पादन, व्यापार र लगानीसम्मको शृङ्खला प्रभावित भई विश्व अर्थतन्त्रमै संकुचन आउनेतर्फ बजेटले सबैलाई सचेत गराएको टिप्पणी गर्नुभयो।

अर्थमन्त्री डा युवराज खतिवडाले यही जेठ १५ गते रु १४खर्ब ७४ अर्ब ६४ करोड बराबरको आव २०७७/०७८ को बजेट प्रस्तुत गर्नुभएको थियो। सभामा बजेटमाथि आइतबारदेखि दलीय आधारमा सामान्य छलफल भइरहेको छ। अर्थमन्त्री डा खतिवडाले आजै बजेटमाथि उठेका प्रश्नको जवाफ दिँदै हुनुहुन्छ। नेकपाका सुमनराज प्याकुरेलले कोभिड-१९ रोकथाम, वृद्धाभत्तालाई निरन्तरता, उद्योग सञ्चालन, सहकारी खेतीलगायतमा जोड दिइएका कारण बजेट उत्कृष्ट रहेको बताउनुभयो। उहाँले भन्नुभयो,"सरकारले प्रस्तुत गरेको बजेटले वैदेशिक रोजगारीमा गएका युवालाई स्वदेशमै रोजगारीका लागि सहयोग पुर्‍याएको छ, त्यसैगरी तराई-मधेशलाई पनि बजेटले राम्रोसँग सम्बोधन गरेको छ,।

यी सकारात्मक पक्षका लागि सरकारप्रति हामी आभारी छौँ।" सोही दलकी सुमित्रा बिसीले निजी विद्यालय सञ्चालन र विद्युतीय यातायातमा सहुलियतको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।नेपाली काँग्रेसका रमेशजंग रायमाझीले गत वर्षको बजेट फ्रिज भएकाले बजेट कार्यान्वयन गर्ने निकायलाई सक्रिय बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँलेभन्नुभयो,"नेपाली जनताको आशा र भरोसाअनुसार बजेट आउन नसकेको छैन, सरकारले कोभिड-१९ को समयमा रु ८० करोड बराबरको राहत वितरण गरेको छ भनिएको छ, यो राहत कसले पायो ?"रासस

# दृष्टिले ठगेको नन्दा, दर्जन बढी बालबच्चालाई आँखा देखाउँदै



काठमाण्डु। "आफैँ आँखा देख्दिन। मलाई प्रकृतिले ठगेको होइन, चुनेको हो जस्तो लाग्छ। बाल्यकालमा मलाई अरु साथीसँग खेल्न नदिएको र रोग सर्छ भन्दै आफन्तले छिःछि दुरदुर गरेको पीडा मनमा बिझिरहेको थियो। त्यही पीडाले मनमा केही न केही गरेर देखाउँछु भन्ने लागेको थियो। त्यही भएर अभिभावकविहीन यी साना बाबु नानीको सेवामा लागेकी हुँ।"

उमेरले २४ वर्षमा मात्रै हुनुभएका कालीकोट डिल्लीकोटका नन्दा सिंह आफैँमा आँखा देख्नुहुन्न। उहाँको उमेर हेर्दा आफैँ विश्वविद्यालय पढ्ने अवस्थामा हुनुहुन्छ। शारीरिकरुपमा ठीक भए पनि बाहिरी दृष्टिले उहाँलाई ठगेको छ। आफैँलाई अरुको साहारा दिनुपर्ने अवस्था छ। तर उहाँले आफूले ओट निचर्दा दूध आउने उमेरका एक दर्जन बालबालिकालाई साहारा दिनुभएको छ।

बूढानीलकण्ठ नगरपालिका-१३ बालुवाखानीको एक घरको छिडीमा चार वटा कोठा भाडामा लिएर कालीकोटकी नन्दा सिंहले गरेको काम भने सामान्य मानिसले गर्नेभन्दा ठूलो छ। मनमा साहस छ। आँट छ। जीवनमा केही गरौँ भन्ने सदीक्षा पनि छ। "मैले आँखा नदेखेर के हो भो त ? मलाई प्रकृतिले यस्तै बनायो, म यसैमा खुशी छु", नन्दाले भन्नुभयो। "अभिभावक नभएका यी कलिला बालबालिकालाई शिक्षा दिक्षा दिनसके भने त्यसले मलाई खुशी दिनेछ, किनकी मैले बाहिरी आँखा नदेखे पनि यी बाबु नानी भविश्यमा ठूला मान्छे भए भने मेरा लागि त्यो नै सबैभन्दा खुशीको विषय हुनेछ", उहाँले भन्नुभयो। तीन वर्षको उमेर हुँदासम्म उहाँले आँखा देख्नुहुन्थ्यो। झाडापखलाले नराम्ररी सतायो। मरी भनेर घरकाले सेतो कपडामा बेरेर नजिकैको जङ्गलमा लगेर गाड्न ठिक्क पारेका थिए। राति म चलमलाएपछि यो त ज्यूँदै रहिछ भनेर आफू बाँचेको उहाँले बताउनुभयो।

बाँचे पनि मेरो जीवनमा अन्धकार थपियो। झाडापखला लाग्नुअघि आँखा देख्ने आफू त्यसपछि भने नदेख्ने भए। मेरो बाल्यकाल अन्धकारको रसातलमा भासियो।

"बाल्यकाल अरु साथी खेलेको देख्दा मलाई पनि खेल्न मन लाग्थ्यो। अरु साथीसँग मलाई खेल्नसमेत दिइँदैनथ्यो, किनकी मैले जस्तै अरुको पनि आँखा नदेख्ने हुन्छन् भनेर रोकिन्थ्यो, मलाई गाली गरिन्थ्यो। मन भित्रभित्रै रुन्थ्यो", नन्दाले अगाडि भन्दै जानुभयो, "बालककालमा आँखा नदेख्ने अन्धी भनेर हेप्थे। तर मेरो मनमा एउटा आँट पलायो। जीवनमा केही न केही गर्छु भनेर मनलाई दह्रो बनाए।"

कर्णाली प्रदेशको कालीकोट। अहिले पनि दुर्गम छ। यातायातको सहज सुविधा छैन। कुनै सुविधा पाउने कुरा परको जस्तै भयो। शिक्षा, स्वास्थ्य तथा अन्य भौतिक सुविधाबाट पर पारिएको कालीकोटकी चेलीको आँट साच्चै अदम्य छ। आमा रुखबाट लडेर निधन भएका, छाउगोठमा बस्दा सर्पले डसेर मरेका आमाका बच्चा स्याहार्ने र उनीहरुलाई शिक्षित बनाउने जिम्मा लिनुभएकी नन्दाले आफ्नो दुःख मात्रै फुकाउनु भएन। कलिला बालबालिकाको जीवनमा खुशी ल्याउने जिम्मासमेत लिनुभएको छ।

उहाँलाई बाल्यकालकै साथी गीता बस्नेतले साथ दिनुभएको छ। बस्नेत भने आँखा देख्नुहुन्छ। उमेरले उहाँ पनि मात्रै २३ वर्षको। यी सखीले बालबालिकाको हेरचाहका लागि 'अन्तरदृष्टि नेपाल' नामक संस्था खोल्नुभएको छ।

दैलेख, कालीकोट, जाजरकोटका एक दर्जन बालबच्चा सुकेधाराको गोल्डेन गार्डेन इन्टरनेशनल बोर्डिङ स्कुलमा पढ्छन्। उनीहरुलाई पढाउन, खुवाउन तथा अन्य सुविधाका लागि मासिक झण्डै रु ४० हजार मासिक खर्च लाग्छ। "चार वटा कोठाको भाडा मात्रै मासिक रु १५ हजार लाग्छ। घरबेटीले पनि राम्रै सहयोग दिएका छन्। हाम्रो आँट देखेर सहयोग गरेका छन्", नन्दाकी साथी गीताले भन्नुभयो। "तँ आट गर म पुर्‍याउँछु भने जस्तै भगवान्ले हेरेका छन्, हामीलाई साथ सहयोग मिलेको छ, गीतालाई रोक्दै", नन्दाले भन्नुभयो। लकडाउनका समयमा उहाँहरुलाई खाने सामल दिने सहयोगी मन भेटिएका छन्। सामान्य अवस्थामा भने उहाँहरुलाई गाह्रो थियो।

बालबालिका पढ्ने विद्यालयलाई मात्रै वार्षिक रु दुई लाख शुल्क बुझाउनुपर्छ। केही प्रतिशत रकम विद्यालयले छुट दिए पनि हामी जस्ता कमाई नहुनेका लागि भने कहिले काही समस्यापर्ने गरेको उहाँहरुले सुनाउनुभयो। तीन वर्ष भयो, उहाँहरुले अभिभावकविहीन बालबच्चालाई अभिभाकत्व दिएको। स्नातकसम्म अध्ययन गर्नुभएकी नन्दाको आँटको पछाडि पनि ठूलो दुःखको पहाड छ। म छ वर्षको हुँदा जन्म दिने आमाले छाडेर गइन्। रासस

# बजेटले कोरोना प्रभावितलाई सम्बोधन गर्न नसकेको प्रतिपक्षीको आरोप

काठमाण्डु। प्रमुख विपक्षी दल नेपाली काँग्रेसले आगामी आवको बजेटले कोभिड-१९ को रोकथाम र त्यसबाट प्रभावित भएका नागरिकको जीवन रक्षामा ध्यान पुर्‍याउन नसकेको आरोप लगाएको छ। प्रतिनिधिसभाको सोमबारको बैठकमा अर्थमन्त्री डा युवराज खतिवडाद्वारा प्रस्तुत 'विनियोजन विधेयक २०७७' माथिको सैद्धान्तिक छलफलका क्रममा उक्त पार्टीका सांसदले बजेट प्रभावितलाई सम्बोधन गर्नाको साटो अन्यत्रै परिचालन गरिएको टिप्पणी गर्नुभयो।



विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै काँग्रेसका डा मीनेन्द्रप्रसाद रिजालले विधेयकमा छलफल गर्ने बेलामा कुन स्रोतबाट पैसा आउँछ भनेर संसदलाई स्पष्ट रुपमा जानकारी दिनुपर्ने माग गर्नुभयो। आर्थिक गतिविधि अघि बढाउन कहाँबाट कसरी रकम आउँछ भनेर स्पष्ट खुलाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

सोही पार्टीका उमा रेग्मीले राम्ररी कोरोनाको उपचार हुन नसकेको अवस्थामा काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने झैं बजेट स्वास्थ्यभन्दा रक्षातिर केन्द्रित गरिएको भन्दै आपत्ति प्रकट गर्नुभयो। उहाँले रोजगारीबाट फर्किएका युवालाई आकर्षित गर्ने बजेट खै भन्ने प्रश्न गर्नुभयो। बजेट महिलामैत्री समेत नभएको उहाँको भनाइ थियो।

अर्का सदस्य देवेन्द्रराज कँडेलले सरकारको नीतिले विद्युतीय र अटो व्यवसायीलाई धराशायी बनाएको आरोप लगाउनुभयो।सांसद दिलेन्द्रप्रसाद बडुले बजेटको प्राथमिकता भनेकै कोरोना महामारी नियन्त्रण र प्रभावित जनताको जीवन रक्षा हुनुपर्नेमा सरकारको ध्यान त्यसतर्फ जान नसकेको आरोप लगाउनुभयो।

सांसद डिला सङ्ग्रौलाले विनियोजित विधेयक कार्यकर्तामुखी भएको आरोप लगाउनुभयो। अपारदर्शी र परम्परागत रुपमा आएको विधेयक कोरोना रोक्ने विषयमा केन्द्रित नभएको उहाँले बताउनुभयो। सांसद उमाकान्त चौधरीले स्वास्थ्य क्षेत्रमा भएका चुनौती नियन्त्रण गर्नु नै आजको आवश्यकता भएको उल्लेख गर्नुभयो। छनेपाल मजदूर किसान पार्टीका प्रेम सुवालले कोभिड-१९ रोकथाम र प्रभावित जनताको व्यवस्थापनमा बजेटले ध्यान दिनुपर्छ भन्नुभयो। रासस

## सैद्धान्तिक छलफल

विराटनगर। प्रदेश नं. १ प्रदेशसभाको सोमबारको बैठकमा 'प्रदेश वनको व्यवस्था गर्नका लागि बनेको विधेयक' माथिको सैद्धान्तिक छलफलले निरन्तरता पाएको छ।

छलफलमा प्रदेशसभा सदस्य उपेन्द्रप्रसाद घिमिरेले वनको उचित व्यवस्थापन भएमात्र वनबाट अपेक्षित लाभ लिन सक्ने बताउनुभयो। सदस्य ओमप्रकाश सरावगीले वन क्षेत्रको विकास तथा विस्तारका लागि निजी वनको क्षेत्र विस्तार गर्नुपर्ने कुरामा विधेयक स्पष्ट हुनुपर्ने भन्नुभयो। सदस्य विष्णु तुम्बाहाम्फेले वनको संरक्षणमा टेवा पुर्‍याउने स्थानीय समुदायलाई प्रोत्साहित गर्न विधेयकले बोल्नुपर्ने बताउनुभयो।

सदस्य राजकुमार ओझाले 'हरियो वन नेपालको धन' अवधारणालाई बलियो बनाउन विधेयकले स्पष्ट दृष्टि दिनुपर्छ भन्नुभयो। सदस्य विमल कार्कीले प्रकृति र मानव जातिलाई सङ्कटबाट जोगाउन विधेयकमाथि गहन छलफलको आवश्यकता औंल्याउँदै खाली जमिनलाई सदुपयोग गर्न विधेयकले मद्दत गर्नुपर्नेमा जोड दिनुभयो।रासस


## गणेशमान चारनाथ नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

विरेन्द्रवजार, धनुषा, प्रदेश नं.२, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७७/०२/२०

यस कार्यालयबाट राष्ट्रिय देनिक जनकपुर टुडे पत्रिकामा प्रकाशित सवारी साधनको खरिदको बोलपत्रको सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भइ स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) अनुसार सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र.सं. | बोलपत्र नं. | छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम (मू.अ.क.बाहेक) |
|---|---|---|---|
| १. | GCM/Goods/22/076-77 | श्री अग्नि इन्कर्पोरेट प्रा.लि., पानीपोखरी,काठमाडौ। | रु. ८४,९९,०००।०० |


नि.प्रमुख प्रशासकीय अधिकृत

# मुल्लाह उमरका छोरा तालिबान समूहको नेतृत्वमा

एएफपी

काबुल । अफगान तालिबान समूहका संस्थापक मुल्लाह ओमरका छोरा मुल्लाह याकूबले तालिबान समूहको नेतृत्व सम्हाल्नु भएको छ ।

समूहका नेताहरूबीच नेतृत्वको विषयलाई लिएर सहमति जुट्न नसकेपछि याकूबलाई अन्तरिम नेतृत्व हस्तान्तरण गरिएको हो । अफगान स्रोतका अनुसार तालिबानका कतिपय बरिष्ट सदस्यहरू कोरोनाभाइरसका कारण बिरामी परेका कारणले पनि याकूबलाई नेतृत्व दिइएको हो ।



अफगानिस्तानका पूर्व राष्ट्रिय गुप्तचर विभागका प्रमुख रहमतुल्लाह नबिलले हाल मुल्लाह याकूबले तालिबान आन्दोलनको नेतृत्व गरिरहनु भएको दाबी गर्नुभएको छ । उहाँले समूहको कतारको दोहास्थित कार्यालयका कतिपय सदस्यहरू कोरोनाभाइरस संक्रमित भएका र उनीहरू पाकिस्तान फर्किएको पनि बताउनुभयो । गत फेब्रुअरीमा तालिबानसँग अमेरिकाले गरेको सम्झौताको कार्यान्वयन तथा अफगान सरकारसँगको वार्ताको महत्वपूर्ण क्षणमै तालिबान समूहको नेतृत्वमा संकट उत्पन्न भएको छ । तालिबान समूहको उच्च नेतृत्वमा कुनै किसिमको विभाजन र असहमति देखा परे कमजोर अफगान शान्तिवार्ता नै धरापमा पर्न सक्ने आँकलन गरिएको छ । अमेरिकाले तालिबानसँगको सम्झौता बमोजिम आफ्ना सैनिक फिर्ता गर्न थालको भए पनि तालिबान र अफगान सरकारबीच शान्तिवार्ता शुरु हुन सकेको छैन ।

विदेशी समाचार संस्थाका अनुसार ओमरका मुख्य सहयोगी एवं महत्वपूर्ण तालिबान नेता हैबातुल्लाह अखुनजादा केही हप्तादेखि कुनै पनि बैठकहरूमा देखा पर्नु भएको छैन । उहाँको स्थानमा हक्कानी नेटवर्कका सिराजुद्दीन हक्कानीले गरिरहनु भएको छ ।

यो समूहको सम्बन्ध पाकिस्तानस्थित इस्लामिक स्टेटको अलकायदा समूहसँग सम्पर्क रहेको मानिन्छ । इस्लामिक स्टेटको चाहना तालिबानसँग हक्कानी नेटवर्कको सम्पर्क टुटाएर पुनः अतिवादी जिहादी त्रियाकलाप शुरु गर्नु हो । नबिलका अनुसार तालिबानको राजनीतिक कार्यालयमा परिवर्तन हुनेक्रम जारी रहेको छ ।

पछिल्लो समय मुल्लाह याकूब पनि तालिबानको शीर्ष नेतृत्व सम्हाल्ने गरी तयारी गरिरहनु भएको थियो । उहाँका बुबा मुल्लाह ओमरको सन् २०१५ मा निधन भएको थियो । याकूबलाई सन् २०१६ मा अफगानिस्तानका ३४ मध्ये १५ वटा प्रान्तको सैनिक आयोगको नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो ।

तालिबान समूहले सन् १९९६ देखि २००१ सम्म अफगानिस्तानमा शासनसत्ता सम्हालेको थियो । तर सन् २००१ मा अफगानिस्तानमा लुकेर बसेका ओसामा बिन लादेनले अमेरिकामा भिषण हमला गरेपछि प्रतिशोधमा अफगानिस्तानमाथि अमेरिकाले आक्रमण गरी तालिबानलाई सत्ताच्यूत गरेको थियो । तालिबान समूहले त्यसयता अफगानिस्तानमा तैनाथ अमेरिकी सेनाविरुद्ध सशस्त्र संघर्ष गरिरहेको छ ।

# कोरोनाबाट विश्वमा ३ लाख ७४ हजार भन्दा बढीको मृत्यु

एएफपी

जेनेभा । कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ३ लाख ७४ हजार १५७ पुगेको छ भने, संक्रमितको संख्या ६२ लाख ७८ हजार ४०५ पुगेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) आफ्नो दैनिक विज्ञप्तिमा जानकारी दिएको छ ।

नेपाली समयानुसार सोमबार अपराह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसको कारण बिरामी भएका २८ लाख ५२ हजार ७६१ जना निको भएका छन् । विश्वभरीमा ३० लाख ५१ हजार ४८७ हाल कोरोना भाइरस सक्रमित उपचाररत रहेका छन् ।

हालसम्म कोरोना भाइरस संक्रमित ५३ हजार ४०५ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको उहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिकालाई अत्यन्त प्रभावित पारेको छ । डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र १८ लाख ३७ हजार १७० जनामा कोरोना भाइरस संक्रमण रहेको छ । यस प्रकोपको कारण अमेरिकामा १ लाख ६ हजार १९५ व्यक्तिको मृत्यु भएको छ ।

# विश्वभर चार करोड बालबालिकाले धुम्रपान गर्छन् : डब्लुएचओ

एएफपी

संयुक्त राष्ट्रसङ्घ । विश्वभर १३ वर्षदेखि १५ वर्ष उमेर समूहका चार करोड बढी व्यक्तिले सुर्तीजन्य पदार्थको सेवन गर्ने गरेका विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले जनाएको छ । सूर्तीजन्य उद्योगले किशोर किशोरीलाई लक्षित गरी विश्वमा विज्ञापनका लागि वार्षिक नौ अर्ब अमेरिकी डलर बराबरको बजेट खर्च गर्ने गर्छन् ।



राष्ट्रसङ्घीय स्वास्थ्य सङ्गठन डब्लुएचओले विश्व धुम्रपानरहित दिवसको अवसरमा चेतनामुलक कार्यत्रम गरी युवा जगतमा धुम्रपानको कुलत हटाउनुपर्नेमा जोड दिएको छ । "हाल १३-१५ वर्ष उमेर समूहका चार करोडभन्दा बढी युवाले सूर्तीजन्य पदार्थको सेवन शुरू गरिसकेका छन्," डब्लुएचओले बालबालिका तथा युवाको कुलतबारे भनेको छ ।

डब्लुएचओले १३-१७ वर्ष उमेर समूहका विद्यार्थीमा सुर्तीजन्य पदार्थको बजारीकरणको बारेमा सचेतना दिन विशेष सुत्रको प्रयोग गरेको थियो । डब्लुएचओले भनेको छ, "सुर्तीजन्य उत्पादनको विज्ञापनका लागि सम्बन्धित उद्योगले विश्वमा हरेक वर्ष नौ अर्ब अमेरिकी डलर खर्चिने गरेको छ र निकोटिन तथा सूर्तीजन्य पदार्थको यो विज्ञापनको लक्षित समूह भनेको युवा जगत रहने गरेको भेटिएको छ ।

उद्योगले प्रतिवर्ष धुम्रपान र सुर्तीजन्य पदार्थको सेवनका कारण विभिन्न समस्या आई मृत्यु हुने आठ करोड व्यक्तिको वदलामा आफ्नो उत्पादनको प्रयोग गर्न युवापुस्तालाई प्रेरित हुने गरी विज्ञापन गर्ने गरेका हुन्छन् ।"कोभिड-१९ का कारण आएको विश्वव्यापी महामारीमा पनि सुर्ती, चुरोट, खैनी, बिँडी, परागजस्ता सुर्ती र निकोटिनजन्य अन्य पदार्थको उत्पादन गर्ने उद्योगले आफ्ना उत्पादनलाई बजारमा पठाउने त्रम जारी रहेको बताइएको छ ।

साथै यस्ता कुलतजन्य पदार्थका कारण मानिसको कोरोनाभाइरसविरूद्ध लड्ने शक्तिलाई कमी गर्ने विश्व स्वास्थ्य संगठनको दावी रहेको छ । "धुम्रपान वा सुर्ती सेवन गर्ने हरेक १० व्यक्तिमध्ये नौ जनाले आफू १८ वर्ष पुनुपहिले यो कुलतमा लाग्ने गरेकोले यस वर्गलाई लक्षित गरी जनचेतनामुलक कार्यक्रम गरी युवामा धुम्रपानविरोधी भावना जागृत गर्नु अनिवार्य भएको छ," विश्व स्वस्थ्य संगठनका जनस्वास्थ्य कार्यत्रमका निर्देशक रूइदिगर क्रेचले बताउनुभयो । धुम्रपानजस्ता कुलतमा फस्न नदिन किशोरकिशोरीलाई उनीहरूको १३-१७ वर्ष उमेर समूहमा सचेतना वृद्धि गर्दै निगरानी बढाउनु आवश्यक भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो,"परम्परागत चुरोटको सट्टामा इलेक्ट्रिक-चुरोट, हुक्का पाइपजस्ता "तुलनात्मकरूपमा सुरक्षित" भनिएका विकल्प दिइएको भएपनि यो पनि हानिकारक तथा कुलत निम्त्याउने र अन्त्यमा मुटु तथा श्वासप्रश्वाससम्बन्धी रोगहरूको खतरा हुने बताउनुभएको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वमा बबलगम, क्यान्डी, चुरोट, सुर्तीलगायतका १५ हजार भिन्नभिन्न स्वादका सुर्तीजन्य पदार्थको विक्री हुने गरेको छ ।

# लकडाउनको असरले बालबालिकालाई डिप्रेसनको समस्या देखिन सक्ने

एएफपी

वासिङ्टन । हाल कोरोना भाइरसका कारण जारी रहेको लकडाउनका कारण बालबालिका तथा किशोर किशोरीहरू लाई पनि लामो समयसम्म मानसिक असर पर्ने देखिएको छ ।

अमेरिकामा हालै गरिएको एक अनुसन्धानबाट यो तथ्य पत्ता लागेको समाचारमा जनाइएको छ । हाल कोरोना भाइरसको प्रकोपको नियन्त्रणका लागि भन्दै विश्वका विभिन्न देशमा लकडाउन गरिएको छ ।

यसका कारण बालबालिका तथा किशोर किशोरीहरू घरमा एक्लै बस्नुपर्ने अवस्था आएको छ । यसरी उनीहरूलाई एक्लै छोड्दा अहिले नै र पछि गएर पनि उनीहरूमा एक्लोपना रुचाउने र डिप्रेसनमा पनि जानसक्ने देखिएको हो ।

बालबालिका तथा किशोरकिशोरीहरूको एक्लोपना र मानसिक अवस्था विषयमा अमेरिकामा सो अनुसन्धान गरिएको हो ।

अमेरिकाको एक स्वास्थ्यसम्बन्धी जर्नलमा प्रकाशन गरिएको सो लेखमा ४ देखि २१ वर्षसम्मका बालबालिका र किशोर किशोरीहरूमा अनुसन्धान गरिएको थियो ।यसरी गरिएको यस अध्ययनमा एक्लोपनमा बस्ने किशोरकिशोरीहरूमा अन्य सामान्य अवस्थामा भन्दा तीन गुणा बढी डिप्रेसनको सम्भावना हुने देखिएको छ ।

अहिलेको यो एक्लोपनाले आगामी कम्तीमा ९ वर्षसम्म उनीहरूमा डिप्रेसनको समस्या ल्याउन सक्ने सो अध्ययनमा देखिएको छ ।

# भारतमा संक्रमितको संख्या १ लाख ९० हजार नाघ्यो

एएफपी

नयाँ दिल्ली । भारतमा आइतबार एकै दिनमा ८ हजार ३९२ जना कोरोना संक्रमित थपिएका छन् । सोमबार बिहानसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख ९० हजार ५३५ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।



सोमबार बिहान जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ५ हजार ३९४ जना पुगेको छ । यस संक्रमणबाट निको भएका बिरामीको संख्या ९१ हजार ८१९ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ । हाल भारतमा ९३ हजार ३२२ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन् । यहाँमात्र ६७ हजार ६५५ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ २२ हजार ३३३ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । दिल्लीमा १९ हजार ८४४ जना कोरोना संक्रमित रहेका छन् ।

भारतमा दुई महिना भन्दा बढी समयदेखि कोरोनाभाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ । कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रूपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहेको भारत सरकारले जानकारी दिएको थियो ।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ । भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो ।

विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमितको संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको थियो । भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ ।

# अश्वेत पुरुषको पूर्वनियोजित हत्या

बीबीसी

काठमाण्डु । अश्वेत पुरुष जोर्ज फ्लोइडको हत्यालाई लिएर अमेरिकाभरि अशान्ति फैलिएका बेला उनको परिवारका वकिलले प्रहरीलाई 'पूर्वनियोजित हत्या' को आरोप लगाएका छन् ।फ्लोइडको हत्या गर्ने मिनियापोलिसका प्रहरी डेरेक शोभिनमाथि अञ्जानमा गरिएको हत्याको अभियोग लगाइएको छ। तर वकिल बेन्जामिन क्रम्पले सीबीएस न्यूजलाई भने उक्त हत्या जानीजानी गरिएको बताएका छन् । "उनको हत्या गर्ने आशय थियो... फ्लोइडले श्वास फेर्न दिन अनुरोध गरिरहँदा पनि उनले झण्डै नौ मिनेटसम्म आफ्नो घुँडाले घाँटीमा थिचिरहेका थिए," उनले भने ।




फिलडेल्फीयास्थित दुईवटा टेलिभिजनले आइतवार त्यहाँ युवाहरूले प्रहरीका कैयौं कारहरू तोडफोड गरेको र कम्तीमा एउटा पसलमा लुटपाट मच्चाएको देखाएका थिए । फ्लोइडको हत्यालाई लिएर फिलडेल्फीयाबाहेक प्रदर्शनकारीहरू छैठौं दिन पनि अमेरिकी सहरहरूमा भेला भएका छन् ।

हिंसाहरू नदोहोरिउन् भनेर देशभरका २० भन्दा बढी राज्यमा कर्फ्यू लगाइएको छ । मिनियापुलिसमा फ्लोइड मारिएकै ठाउँमा प्रदर्शनकारीहरू जम्मा भएका छन । वासिङटनमा ह्वाइट हाउस नजिकै प्रदर्शनकारीहरूलाई रोक्न दङ्गा प्रहरी खटिएका छन् ।

भिडलाई नियन्त्रण गर्न अमेरिकाभर ५,००० भन्दा बढी न्याशनल गार्डका सदस्यहरू परिचालन गरिएको छ । तर पनि थुप्रै ठाउँमा प्रदर्शनकारीहरू विरोधमा उत्रिएका छन् । फ्लोइडको हत्यालाई लिएर मिनियापोलिसबाहेक अन्य राज्यहरूमा पनि भएका आक्रोशले वर्षौंदेखि रहेको सामजिक र आर्थिक असमानतालाई प्रतिबिम्बित गर्छ । मिनसोटाका गभर्नरले शनिवार त्यहाँ न्याशनल गार्ड परिचालन गर्न लागेको बताएका थिए। दोस्रो विश्वयुद्धयता त्यसरी न्याशनल गार्ड परिचालन गरिएको यो पहिलोपटक हो ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले हिंसात्मक प्रदर्शन भइरहेका बेला एन्टिफासिस्ट मुभमेन्ट एन्टिफालाई आतङ्कवादी सङ्गठन भनेका छन् । ट्रम्प र उनका महान्यायाधिवक्ता विलियम बारले पछिल्ला केही दिनमा भएका दङ्गामा अराजकता देखिएको र त्यसका लागि वामपन्थी समूहहरू दोषी रहेको आरोप दोहोर्याएका छन् ।

# तीन पाकिस्तानी आतंककारी मारिएको भारतीय सेनाको भनाइ

एएफपी

रजौरी । पाकिस्तानका तीन जना तालिमप्राप्त आतंकवादी जम्मु काश्मिरको सीमा क्षेत्रमा मारिएका भारतीय सेनाले जनाएको छ ।

भारतीय सेनाले गरेको आतंककारी विरोधी कारबाहीका त्रममा भारत र पाकिस्तानी सीमा क्षेत्र लाइन अफ कन्ट्रोलको नसुअरा क्षेत्रमा ती आतंककारी मारिएका भारतीय सेनाले सोमबार जानकारी दिएको हो ।

भारतीय सेनाले मे २८ देखि सो क्षेत्रमा ठूलो सैन्य संख्याका साथ कारबाही गर्दै आएको छ । सोही कारबाहीकात्रममा सोमबार शक्तिशाली हतियार बोकि हिँडेका ती आतंककारी मारिएका हुन् । त्यस क्षेत्रमा भारतीय सेनाले घुसपैठ भइ आउने आतंककारीहरूको खोजी अभियानलाई जारी राख्ने पनि जनाएको छ ।


## Invitation for Sealed Quotation

**Ganeshman Charnath Municipality**

**Office of the Municipal Executive**

**Birendra Bazzar, Dhanusha**

**Bid Publication date: 2077-02-20**

1. The Ganeshman Charnath municipality,Office of the municipal executive,Birendra Bazzar,Dhanushainvites electronic bids from eligible bidders for the procurement of Goodsas mentioned in the table belowunder sealed quotation procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ganeshman Charnath Municipality, Office of Municipal Executive, Birendrabazar, Dhanusha or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no.:** 80102119 **Office Account no.:** 780152 48632 79033
   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of the Ganeshman Charnath Municipality, Birendrabazar on or before 12:00 noon on 2077-03-03. Bids received after this deadline will be rejected.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2077-03-03at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha.Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :**80102119 **Office Account no.:** 78015248632 79076 (Sthaniya Taha Dharauti khata)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
   The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S.N. | Sealed Quotation No. | Description of Goods | Bid Security | Bid Price | Remarks |
|---|---|---|---|---|---|
| 1 | GCM/Goods/30/2076-77 | Procurement of Sports Items | 24000.00 | 1000.00 | SQ |
| 2 | GCM/Goods/31/2076-77 | Procurement of Furnitures | 37340.00 | 1000.00 | SQ |
| 3 | GCM/Goods/32/2076-77 | Procurement of Solar Street lights | 33900.00 | 1000.00 | SQ |

**Chief Administrative Officer**

# अब भरतपुर विमानस्थल प्रदेशस्तरको हुने

चितवन। भरतपुर विमानस्थल बिस्तार गरि प्रदेशस्तरको बनाइने भएको छ। यसका लागि नेपाली सेनाको गण र घोडा प्रजनन् केन्द्र स्थानान्तरण गरी ठूला जहाजसमेत अवतरण गर्न मिल्ने बनाउन लागिएको बताइएको छ। अर्थमन्त्री डा युवराज खतिवडाले गत बिहीबार संघीय संसदमा प्रस्तुत गर्नुभएको आगामी वर्षको बजेटमा सो विमानस्थललाई प्रदेशस्तरीय बनाइने उल्लेख छ। विमानस्थलको धावनमार्ग छोटो हुँदा र अतिक्रमण बढेपछि जहाज उडान र अवतरण निकै जोखिम पूर्ण बन्दै गएको जनाइएको छ।




विमानस्थल जोखिमपूर्ण भएपछिभरतपुर महानगरपालिकाको आयोजनामा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईको उपस्थितिमा सरोकारवालाको छलफलसमेत गरिएको थियो। नेपाल नागरिक उड्डयन प्राधिकरण भरतपुरका प्रमुख पवनकुमार गौतमले विमानस्थल बिस्तार हुन लागेको जानकारी दिनुभयो। महानगरपालिकाले सेनाको गण र सो केन्द्रका लागि वैकल्पिक स्थान दिइसकेको छ। महानगर प्रमुख रेनु दाहालले विमानस्थल बिस्तारको काम अघि बढेको बताउनुभयो।

महानगरले सेनालाई चार वटा ठाउँ विकल्पका रुपमा दिएको छ। ठाउँको विस्तृत विवरणसमेत मन्त्रालयमा पठाइसकिएको छ।

मन्त्री भट्टराईले महानगरमा छलफ्लपछि विमानस्थल बिस्तार सम्बन्धमा अध्ययन गर्न सहसचिव बुद्धिसागर लामिछानेको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गर्नुभएको थियो। कार्यदलको प्रतिवेदनमा छलफ्ल भइसकेको छ। महानगर प्रमुख दाहालले भन्नुभयो, "सरोकारवाला सबै सकारात्मक भएपछि विमानस्थल बिस्तारको काम अघि बढेको छ।" विमानस्थल प्रदेशस्तरको बन्ने हुँदा छिमेकी जिल्लावासी पनि लाभान्वित हुने उहाँले बताउनुभयो। विमानस्थलबाट १५० किलोमिटर हाराहारीमा काठमाडौं, पोखरा, भैरहवा र निजगढ विमानस्थल पर्दछ।

विमानस्थल बिस्तारभएपछि श्री एयरलायन्सको ८० सिटे जहाज, बुद्ध र यतीको एटिआर ७२, श्रीको सि आर जे ५० र ७० सिटे जहाज अवतरण तथा नेपाल एयरलायन्सको ६० सिटे जहाज एमए ६० पनि उडान गर्न सक्नेछ।

# बजेट उत्साह जगाउने तर कार्यान्वयन नहुने टिप्पणी

काठमाण्डु। प्रतिपक्ष दलका सांसदले बजेटले जनतामा उत्साह जगाए पनि कार्यान्वियनमा चुनौती हुने शंका व्यक्त गर्नुभएको छ। राष्ट्रियसभाको सोमबारको बेठकमा आगामी आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको छलफलमा नेपाली काँग्रेसकी अनिता देवकोटाले बजेट उत्साह जगाउने तर कार्यान्वियन नहुने प्रचारमुखी भएको तथा श्रमिक, निमुखा बालबालिका, महिला र बेरोजगार युवालाई समावेश गर्न नसकेको बताउनुभयो।

राष्ट्रिय जनता पार्टीका शेखरकुमार सिंहले प्रदेश नं २ का जनताको शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारीको विषय बजेटमा व्यवस्था भएअनुसार कार्यान्वियन गर्न सरकारसमक्ष आग्रह गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का रामचन्द्र राईले नेपालको वर्तमान आवश्यकतालाई सम्वोधन गर्ने गरी बजेट आएको टिप्पणी गर्नुभयो। नेकपाके दीपा गुरुङले बजेटले विधिको शासन, समन्वय र सहकार्यलाई अझै व्यवहारमा लेजाने प्रतिबद्धता देखाएको बताउनुभयो। सोही दलका जगप्रसाद शर्माले २००८ सालमा स्थापना भएको दाङको टरीगाउँ विमानस्थलका लागि बजेटको व्यवस्था गर्न माग गर्नुभयो।

नेकपाका खिमलाल भट्टराई,, नन्दा चपाईं, तारामान स्वाँर, नरपति लुहार, महेश महरा, हरिराम चौधरी, ठगेन्द्रप्रकाश पुरी, शेरबहादुर कुँवर, नैनकला ओझा र कविता बोगटीले कोभिड-१९ ले आक्रान्त बनेका अवस्थामा बजेट समयसान्दर्भिक भएको बताउनुभयो। अर्थमन्त्री डा युवराज खतिवडाले सरकारका तर्फबाट यही जेठ १५ गते रु १४ खर्ब ७४ अर्ब ६४ करोड बराबरको आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्नुभएको थियो। बजेटमाथि आइतबारदेखि दलीय आधारमा सामान्य छलफल भएको थियो।रासस

# सहुलियत तथा कर छुटप्रति हवाई कम्पनी खुशी

काठमाण्डु। सरकारले आर्थिक वर्ष २०७७/०७८ को बजेटमा हवाई क्षेत्रमा व्यवस्था गरेको सहुलियत तथा कर छुटको विषयप्रति हवाई सेवा सञ्चालकको छाता सङ्गठन वायुसेवा सञ्चालक सङ्घले आभार प्रकट गरेको छ।

विश्वव्यापी महामारीका रुपमाफैलिको कोभिड-१९ का कारण सिथिल बनेको मुलुकको हवाई उद्योगको पुनरुत्थानका लागि बजेटमा भएको व्यवस्थाप्रति सङ्घले विज्ञप्ति निकालेर सरकारलाई धन्यवाद दिएको हो।

सरकारले आगामी आवको बजेट र नीति तथा कार्यक्रममा नेपाली वायुसेवा कम्पनीले भुक्तानी गर्नुपर्ने पार्किङ शुल्क, वायुसेवा सञ्चालन अनुमति नवीकरण दस्तुर, उडान योग्यता प्रमाणपत्र दस्तुर र हवाई इन्धनमा लाग्ने गरेको पूर्वाधार कर छुट दिने घोषणा गरेको थियो। यस्तै कोभिडका कारण विगत दुई महिनादेखि बन्द भएको आन्तरिक तथा बाह्य उडान सेवाका अवधिमा दिनहुँ छ करोडभन्दा बढी राजश्व गुमाइरहेको निजी वायुसेवा कम्पनीले बजेट वक्तव्यमार्फत आव २०७६/०७७ को आय विवरणअनुसार लाग्ने आयकरमा २० प्रतिशत छुट दिने गरिएको घोषणाबाट केही हदसम्म लाभान्वित नै हुने देखिएको भन्दै उक्त व्यवस्थाका निम्ति पनि सङ्घले आभार प्रकट गरेको विज्ञप्तिमा उल्लेख छ।

बैंकबाट प्रभाव हुने कर्जा कार्यक्रमको पुनःसंरचना गरी ५ प्रतिशत व्याजदरमा कर्जा उपलब्ध गराउने, पर्यटन व्यवसायका कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनका लागि पाँच प्रतिशत व्याजदरमा कर्जा उपलब्ध गराउन रु ५० अर्बको छुट्टै कोष खडा गर्ने जस्ता बजेटमा घोषणा गरिएका विषय स्वागतयोग्य भएको भन्दै सङ्घले यसको सफल कार्यान्वियनका लागि नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिमा समेटिनुपर्ने सुझाएको छ।

आम नेपाली यात्रुलाई सुपथ मूल्यमा हवाई सेवा प्रदान गर्न र राष्ट्रको महत्वपूर्ण उद्योगलाई विषम घडीमा टिकाइराख्न प्रतिलिटर बिक्री मूल्यको करिब १० प्रतिशत नाफा राखी हवाई इन्धनको मूल्य समायोजनका लागि पनि सङ्घले नेपाल आयल निगमलगायत सम्बन्धित मन्त्रालयमा अनुरोध गरिएको उल्लेख गरेको छ।

सङ्घले हवाई इन्धनमा पूर्वाधार कर छुट तथा थप भन्सार शुल्क नलाग्ने व्यवस्थाबाट हवाई यात्रा केही सस्तो भए तापनि छिमेकी मुलुकको तुलनामा नेपालमा हवाई इन्धनको मूल्य झण्डै दोब्बर देखिएको र निगमले हवाई इन्धनमा अझै पनि इण्डियन आयाल निगमले प्रदान गरेको तुलनामा पनि रु ३३ मुनाफा लिई रु ६५ मूल्य तोकी राख्नु अस्वभाविक र अवान्छनीय भएको जनाएको छ।रासस

# प्रदेश पूर्वाधार विकास कम्पनी स्थापना हुने

हेटौंडा। वाग्मती प्रदेश सरकारले प्रदेश पूर्वाधार विकास कम्पनी स्थापना गर्नेभएको छ। प्रदेश सरकार मातहत वा बाहेक प्रदेशभित्र हुने विकास निर्माणको कार्यलाई व्यवस्थित गर्न विकास कम्पनी स्थापना गर्न लागिएको जनाइएको छ।

विकास निर्माणमा आवश्यक पर्ने गुणस्तरीय निर्माण सामग्री छनोट तथा आवश्यकतानुसार उत्पादनसमेत गर्न, निर्माणलाई दिगो र वातावरणमैत्री बनाउन, स्तरीय निर्माण सामग्री उत्पादन गरी बिक्री वितरण गर्नलगायत विकास निर्माणसँग सम्बन्धित कामका लागि प्रदेश पूर्वाधार कम्पनीको स्थापना गर्ने प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख छ।

प्रदेशमा हुने विकास निर्माणलाई चुस्त बनाउन विकास कम्पनी स्थापना गर्न लागिएको प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयाँल बताउनुहुन्छ।

विसं २००७ यता राज्यमा भएका ठूला तीन क्रान्तिले नेपाललाई समाजवादोन्मुख राज्य व्यवस्थातर्फ उन्मुख गराएको तथा संविधानसभामार्फत जारी नेपालको नयाँ संविधानले राज्य, सहकारी र निजी क्षेत्रसहितको तीन खम्बे नीतिसहितको मिश्रित अर्थव्यवस्थाको परिकल्पना गरेकाले सोही परिकल्पनालाई मूर्तरूप दिन विकास कम्पनी स्थापना गर्न लागिएको मन्त्री फुयाँलको भनाइ छ। मन्त्री फुयाँलले विकास कम्पनी निर्माणका लागि कानूनसमेत बनिसकेको जानकारी दिनुभयो। रासस

# उज्यालो नेपाल अभियानका लागि मिनी ग्रिडमा जोड

काठमाण्डु। राष्ट्रिय प्रसारण नपुगेका वा पुर्याउन नसकिने गाउँ, बस्तीमा विद्युतीकरणका लागि विश्वव्यापीरुपमै निकै उपयोगी मानिएको मिनी ग्रिडको अवधारणालाई नेपालमा पनि स्थानीयस्तरमा उपलब्ध ऊर्जा प्रविधिहरुलाई उपयोगमा ल्याउनुपर्नेमा विज्ञहरुले जोड दिएका छन्। नेपाल नवीकरणीय ऊर्जा परिसङ्घले आयोजना गरेको वेबिनारमा सहभागी नवीकरणीय ऊर्जा क्षेत्रका विज्ञहरुले भौगोलिक विकटताका कारण नेपालका सबै ठाउँमा केन्द्रीय प्रशारण पुर्याउन कठिन हुने भएकाले सोलार फोटोभोल्टेक प्रविधि वा साना तथा लघु जलविद्युत् आयोजनाहरुलाई मिनी ग्रिडका रुपमा विकास गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा ऊर्जा विज्ञद्वय देवेन्द्रप्रसाद अधिकारी र कृष्णप्रसाद देवकोटाले प्रस्तुतीकरण गर्नुभएको थियो। उहाँहरुले अहिले पनि कर्णाली र सुदूरपश्चिम प्रदेशका चार लाख घरधुरीमा विद्युत् सुविधा पुग्न नसकेकाले ती स्थानमा उपयुक्तताका आधारमा सोलार वा लघु जलविद्युत् आयोजनाहरुको मिनी ग्रिड निर्माण गरी विद्युतीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

प्रस्तुतीकरणमाथि राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका पूर्व कार्यकारी निर्देशक डा गोविन्दराज पोखरेल, विद्युत नियमन आयोगका सदस्य तथा केन्द्रका पूर्वकार्यकारी निर्देशक डा रामप्रसाद धिताल, केन्द्रका अर्का पूर्वकार्यकारी निर्देशक डा नारायणप्रसाद चौलागाई, केन्द्रका कार्यकारी निर्देशक मधुसुदन अधिकारी र ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव मधुप्रसाद भेटवालले तीन वर्षभित्र आमजनतालाई विद्युत्को पहुँच विस्तार गर्न मिनी ग्रिडका परियोजनाहरु सञ्चालन गर्न सरकार, स्थानीय तह र दातृ निकायहरुसँगको सहकार्यका विभिन्न ढाँचाहरुका बारेमा आ(आफ्नो धारणा प्रस्तुत गर्नुभयो।

छलफलमा नेपालमा केही वर्षअघि नै मिनी ग्रिडको अवधारणाअनुसार नमूनाका रुपमा केही लघुजलविद्युत् आयोजनाहरुलाई जोडेर मिनी ग्रिड निर्माण गरिएपनि पछि यसलाई व्यवस्थित र विस्तार गर्नेतर्फ सरकारहरुले प्राथमिकता दिन नसकेकाले एकातिर विद्युत् खेर जाने अर्कोतिरका जनताले भरपर्दो रुपमा उपयोग गर्न नपाउने अवस्था रहेकाले यसको अन्त्य गर्न मिनी ग्रिडमा जानुको विकलप नरहेको बताइयो।

विश्वका अधिकांश मुलुकहरुले विद्युतीकरणका लागि मिनी ग्रिडको अवधारणालाई अगाडि बढाएको र नेपालका लागि पनि विद्युतीकरणसँगै उद्योग, व्यवसाय सञ्चालन, रोजगारी सिर्जना, परम्परागत ऊर्जामाथिको निर्भरताको अन्त्य तथा आधुनिक ऊर्जाको पहुँच विस्तार गरी जीवनस्तर अभिवृद्धिका लागि स्थानीयस्तरमा उपलब्ध नवीकरणीय ऊर्जा प्रविधिको सम्भाव्यताको आधारमा मिनी ग्रिड निर्माण गर्न सकिने उहाँहरुको धारणा थियो।

उहाँहरुले सौर्य विद्युत् प्रणाली, साना तथा लघु जलविद्युत आयोजना वा वायु ऊर्जाबाट बिजुली उत्पादन गरी मिनी ग्रिडको रुप दिँदा आर्थिक सामाजिक र प्राविधिक पक्षहरुमाथि सुक्ष्म अध्ययन गरी उपयुक्त प्रविधिलाई प्रयोग ल्याउनु पर्नेमा जोड दिनुभयो। मिनी ग्रिडबाट सरोकारवालाहरुले अपेक्षाकृत लाभ लिन र आयोजना दिगो तुल्याउन सरकारको नीति, लगानी तथा अनुदानको रुपमा आर्थिक सहयोग, प्राविधिक सहयोग र क्षमता अभिवृद्धि गरिनुपर्ने सुझाव दिनुभयो। सहभागीहरुले आम जनतालाई भरपर्दो, सर्वसुलभ र गुणस्तरीय बिजुलीमा पहुँच विस्तार गर्न मिनी ग्रिड अपरिहार्य रहेकाले सरकारले स्वदेशी प्राविधिक सीप, श्रम र लगानीको सदुपयोग गर्दै मिनी ग्रिड प्रवर्द्धन र विकासमा जोड दिएका थिए।

परिसङ्घका अध्यक्ष गुणराज ढकालले सरकारले ल्याएको उज्यालो नेपाल अभियानलाई सफल तुल्याउन विज्ञहरुको अभिमत जुटाई अगाडि बढ्न सहज गराउने उद्देश्यले मुलुक बन्दाबन्दीको अवस्थामा रहेको बेला पनि भर्च्युअल विधिबाट मिनी ग्रिडसम्बन्धी नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्थाका बारेमा बहस गराउन कार्यक्रम आयोजना गरिएको बताउनुभयो।रासस

# गण्डकीको नीति कार्यक्रममा कृषि : एक पालिका एक उत्पादन

पोखरा। गण्डकी प्रदेश सरकारले आइतबार प्रदेशसभामा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा कृषितर्फ 'एक पालिका एक उत्पादन' कार्यक्रममा जोड दिएको छ।




प्रदेश प्रमुख अमिक शेरचनले सभामा प्रस्तुत गर्नुभएको सरकारको वार्षिक नीति तथा कार्यक्रममा कृषि नीति तथा गुरुयोजना तर्जुमा गरी यान्त्रिकीकरण, आधुनिकीकरण र व्यावसायिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी मुख्य उत्पादनमा आत्मनिर्भर बन्न उन्नत जात, नश्ल र प्रविधिको प्रयोगलाई विस्तार गर्ने उल्लेख छ।

नमूना कृषि गाउँ कार्यक्रम प्रभावकारी बनाउने, कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने, एक सहकारी एक उत्पादन, खेतीयोग्य जमीनमा वर्षभरि नै सिँचाइ सुविधा, पशु रोग नियन्त्रणका लागि खोप बैंक, प्रदेश र स्थानीय तहको सहकार्यमा खाद्य बैंक स्थापना तथा जमीन चक्लाबन्दी कार्यक्रम सरकारको प्राथमिकतामा परेका छन्।

एक पालिका एक उत्पादन कार्यक्रमलाई प्रभावकारी बनाउन प्रदेशका ८५ वटै स्थानीय तहमा एक/एक नमूना कृषि उत्पादनका लागि विभिन्न बाली, पशुपक्षी तथा मत्स्यपालनका पकेट तथा ब्लक विस्तार गर्ने सरकारको योजना छ। त्यसैगरी जलवायु अनुकूलित प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रमलाई थप प्रभावकारी बनाइने भएको छ। आर्थिक वर्ष २०७५/७६ को पहिलो नीति कार्यक्रममा सरकारले प्रदेशका ३६ वटा निर्वाचन क्षेत्रमा एक/एक नमूना कृषि गाउँ बनाउने कार्यक्रम ल्याएको थियो। सो कार्यक्रमलाई चालू आवमा विस्तार गरी थप ३६ वटा गाउँमा कार्यक्रम शुरु गरिएको छ। गुणस्तरीय उत्पादन सुनिश्चित गर्न पशु नश्ल स्रोत केन्द्र विकास गर्ने, डिजिटल प्रविधिबाट कृषि तथा पशुपक्षीको तथ्याङ्क अद्यावधिक गर्ने र नमूना क्षेत्र छनोट गरी कृषकको वर्गीकरण तथा परिचयपत्र उपलब्ध गराउने कार्यको थालनी गरिने नीति कार्यक्रममा उल्लेख छ।

स्याउ उत्पादनमा आत्मनिर्भर हुन मनाङ, मुस्ताङ तथा गोरखाका धार्चे र चुमनुब्रीमा उच्च घनत्वमा आधारित स्याउ खेती र प्रविधियुक्त स्याउ नर्सरी स्थापना गरी 'स्याउ सुपर जोन' कार्यक्रमलाई निरन्तरता दिइएको छ। बैंक तथा वित्तीय संस्थासँगको सहकार्यमा कृषकलाई सहुलियत ब्याजदरमा कृषि ऋण, नेपाल सरकारसँगको सहकार्यमा बाली तथा पशुपक्षी बीमा कार्यक्रम विस्तार र स्थानीय तहसँगको सहकार्यमा बाँझो जग्गाको लगत सङ्कलन गरी उपयोग गर्ने नीति सरकारले लिएको छ। सहकारी, सामूहिक, करार तथा व्यावसायिक खेती गर्न प्रोत्साहन, जग्गा एकीकरण तथा चक्लाबन्दी कार्यक्रमलाई थप विस्तार गर्ने प्रस्तुत नीति कार्यक्रममा व्यवस्था गरिएको छ।

कृषि तथा पशुपक्षीजन्य उपजको बजारीकरणलाई सहज र व्यवस्थित गर्न प्रशोधन केन्द्र, शीत भण्डार र चिस्यान केन्द्र, मासुजन्य पदार्थमा गुणस्तर कायम गर्न आधुनिक पशु बधस्थल तथा बधशाला स्थापना सहयोग कार्यक्रमलाई आगामी वर्षसमेत निरन्तरता दिइने भएको छ।

मुख्य कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने, प्रदेशभित्रका कृषि उपज थोक बजारको कारोवार तथा मूल्यसम्बन्धी सूचना प्रणालीको विकास र कृषि उत्पादनको बजार सुनिश्चितताका लागि कृषक र व्यापारीबीच अग्रिम करार गरिने कार्यक्रममा उल्लेख छ।रासस

# महँगा विद्युतीय गाडीलाई छुट नदिइने

काठमाण्डु। अर्थमन्त्री डा युवराज खतिवडाले सर्वसाधारण जनताले न्यून मूल्यका गाडीबाट लाभ लिन सक्ने भएकाले विद्युत् बचत गर्ने नाममा महँगो विद्युतीय गाडी किनेर रकम विदेशिन नहुने स्पष्ट गर्नुभएको छ। प्रतिनिधिसभाको आजको बैठकमा आर्थिक वर्ष २०७७/०७८ को बजेटमाथिको छलफलके प्रत्युत्तरमा चित्त नबुझाई थप प्रश्न सोधिएपछि उहाँले सार्वजनिक यातायातलाई प्रश्रय दिने सकारको नीति रहेको स्पष्ट गर्दै विद्युतीय गाडीका कतिसम्म मूल्यका गाडीलाई कर छुट दिने भन्ने बहसको विषय भएको बताउनुभयो।

स्वास्थ्य सामग्री खरीदमा अनियमितता र उपलब्धताबारे सोधिएका प्रश्नमा मन्त्री डा खतिवडाले त्यस प्रकारको प्रक्रियाबमोजिम नै खरीद गरिएको र केही जिम्मेवारी नेपाली सेनालाई पनि दिइएको जनाउनुभयो।

बैठकमा डा मीनेन्द्रप्रसाद रिजाल, भरतकुमार शाह, पुष्पा भुसाल, हरिराज अधिकारी, प्रेम सुवाल, देवप्रसाद तिमल्सिना, तेजुलाल चौधरी, मानबहादुर विश्वकर्मा, सुरेशचन्द्र दास, कृष्णबहादुर राईलगायतले थप प्रश्न सोध्नुभएको थियो।रासस

# मोबाइल र ल्यापटपको माग बढ्यो

हेटौंडा। "लौ हे छिटो लिनु पसल बन्द हुने बेला भो, पैसा घट्दैन लिए लिनु नत्र छोड्दिनु", यी भनाइ हेटौंडास्थित एक मोबाइल व्यवसायीको हो। हेटौंडा-४ का ती व्यवसायीले हेटौंडा-४ की सुनिता पौडेललाई भनिरहनुभएको थियो भने पौडेलले पनि सोही रकम तिरेर मोबाइल लिँदै हुनुहुन्थ्यो।



उहाँले लकडाउनको समयमा छोरालाई अनलाइन शिक्षाका लागि मोबाइल खरिद गरिएको जानकारी दिनुभयो। घरमा चलाउँदै आएको मोबाइलले राम्रो काम नगरेपछि छोराको पढाइ नबिगार्नको लागि नयाँ मोबाइल किनेको उहाँको भनाइ छ।

कक्षा ९ मा अध्ययन गर्ने छोरालाई विद्यालयले अनलाइन कक्षा शुरु गरेपछि नेट जोडेसँगै नयाँ मोबाइको आवश्यकता परेको उहाँले बताउनुभयो। त्यसैगरी हेटौंडा-९ कि विष्णु राईले आफ्नो बच्चालाई जसोतसो निजी विद्यालय पठाएको भए पनि हाल ल्यापटन किन्न र नेट जोड्दिन नसककेकाले अरुसरह पढ्न नपाएको गुनासो गर्नुभयो। उहाँको श्रीमान्ले गाडी चलाउने र उहाँले एक उद्योगमा मजदुरी गर्ने गरेको बताउँदै यस्ता खर्च आफूहरुले गर्न गाह्रो भएको सुनाउनुभयो।

केही अभिभावक ल्यापटप र मोबाइल किन्न ब्यस्त छन् भने केही अभिभावक आफ्नो आर्थिक अवस्थाका कारण किन्न नसक्दा बच्चाको पढाइ बिग्रँनेमा चिन्तित देखिन्छन्। मोबाइल व्यवसायीले आफूले बिहान मात्र मोबाइल र ल्यापटप बेच्न नभ्याएका कारण साँझको समयमा घरघरमा पुर्याइदिने गरेको बताउनुभयो।

उहाँले बिहान ६ बजेदेखि ९ बजेसम्म पसल खोल्ने व्यापार गर्न भ्याइनभ्याइ भएको जानकारी दिँदै बन्दाबन्दीमा मोबाइलसँगै ल्यापटपको माग बढेको जानकारी दिनुभयो। बन्दाबन्दीका कारण शैक्षिक संस्था पूर्णरुपमा बन्द रहेका छन्। रासस

# पाइप बिच्छ्याउन अधिग्रहण गरिएको मेलम्चीको जग्गा अतिक्रमण

काठमाण्डु। मेलम्चीको पानी वितरणका लागि पाइप बिच्छ्याउन अधिग्रहण गरिएको जग्गा अतिक्रमण हुन थाले पनि सरोकार भएका निकायको ध्यान जान सकेको छैन।

गोकर्णेश्वर नगरपालिका-१ सुन्दरीजलबाट थोक वितरण प्रणालीका लागि पाइप बिच्छ्याउन करिब पाँच किलोमिटर स्थानमा जग्गा अधिग्रहण गरिएको थियो। अधिग्रहण गरिएको करिब २५ मिटर चौडाइमुनि एक हजार ४०० मिलिमिटर व्यासको पाइप बिच्छ्याइएको छ। त्यसमाथि सडकका रूपमा उपयोग भइरहेको छ। करिब २५ मिटर चौडाइको भागको संरक्षणमा कुनै निकाय देखा नपरेकाले हाल नगरपालिकाको वडा नं १, २ र ४ का करिब दर्जन स्थानमा जग्गा मिचिएको छ। थोक वितरण प्रणालीका लागि पाइप बिच्छ्याउने बेलामा नै २५ मिटर दूरीको दायाँ बायाँ नै सिमेन्टका साना पिलर गाडिएको छ। पिलरलाई जग्गाभित्र पार्दै मकै, तरकारीलगायत बाली रोपेको प्रष्ट देखिए पनि कसैले नरोप नभनेको स्थानीयवासी रामबहादुर श्रेष्ठले बताउनुभयो। वाग्मती किनारका विभिन्न स्थानमा सुकुम्वासीका नाममा अतिक्रमण गरिएजस्तै हुनसक्ने भएकाले सरोकार भएका निकायको बेलैमा ध्यान जानुपर्ने उहाँको भनाइ छ।

मुनि ठूला पाइप बिच्छ्याएर माथि राजमार्गको जत्तिकै सडक खाली रहेकाले मालबाहक सवारी पनि यो बाटोमा कुद्ने गरेका छन्। एक हजार ४०० मिलिमिटर व्यासको पाइप जमीनभन्दा तीन मिटर तल रहेकाले सवारी हिँड्दा असर नगर्ने मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक तिरेशप्रसाद खत्री बताउनुहुन्छ।रासस


**जनकनन्दिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खजुरी, धनुषा**
**प्रदेश नं. २, धनुषा**

**सवारी साधन आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको म्याद थपको सूचना**

सूचना प्रकाशित मिति : २०७७/२/२०

मिति २०७६।१२।०३ गते सवारी साधन थान एक खरिद सम्बन्धमा बोलपत्र आव्हान गरिएकोमा रितपुर्वक बोलपत्र बिक्री तथा दर्ता नभएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार पूनः १५ दिनको समयावधि थप गर्दै रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयबाट खरिद गर्न सकिने तथा खरिद गरिएका बोलपत्र १६ औं दिन १२ बजेसम्म दर्ता गर्न सकिने छ। दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा १६ औं दिनको २:०० बजे खोलिने व्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

# कमलामा बेरोकटोक उत्खनन्, रोक्न गएका प्रहरी लखेटिए

**टुडे समाचारदाता**

लहान । सिरहा र धनुषाको सीमाना छुट्याउने कमला नदीबाट बेरोकटोक बालुवा, गिट्टी उत्खनन् भइरहेको पाइएको छ । दादागिरी शैलीमा ठेकेदारहरुले स्काभेटर प्रयोग गरेर गिट्टी बालुवा उत्खनन् गर्दै आएका छन् । स्थानीय तह र प्रहरी प्रशासनको आडमा ठेकेदारहरुले कमला नदि भित्रै स्काभेटर लगाएर दैनिक सयौं टिपर गिट्टी बालुवा निकाल्ने गरेको स्थानीयको आरोप छ ।

कर्जन्हा नगरपालिका ६ मा पर्ने कमला नदीको पूर्वी भागबाट स्काभेर लगाएर गिट्टी बालुवा निकाल्न थालेपनि रोक्न पुगेका स्थानीय युवाहरुलाई ढुङ्गामुढा गरी ठेकेदारले राखेको गुण्डाहरुले लखेटेको स्थानीयहरुले बताए ।



शनिवार विहान ठूलो संख्यामा स्थानीय पुगेर स्काभेटर सञ्चालन रोकेपनि आईबार दिनभरी गिट्टी बालुका निकालेको स्थानीय क्षेत्रलालजित सिंहले बताए । उनले विहानैदेखि रोकेपछि स्थानिय प्रहरी, जनप्रतिनिधी विच छलफलपछि स्काभेटर नलगाउने सहमति भएपनि आईतबार दिनभरि प्रयोग भएको दावी गरे ।

आईतबार पनि स्काभेटर लगाएर गिट्टी बालुबा निकालेको सूचना पाए लगत्तै नदिमा पुगेपनि ठेकेदारका गुण्डाहरुलाई देखेपछि आफूहरु रोक्न जान नसकेको स्थानीय अभियानकर्मी प्रभात महतोले बताए । उनले भने, 'हामी स्काभेटर लगाएको थाहा पाए लगत्तै नदिमा पुग्यौं, तर ठेकेदारका मान्छेहरु हतियार सहित बसेको सूचना पाएपछि हामी रोक्न जान सकेनौं ।'

स्थानीय युवाहरुले स्थानीय तहका प्रतिनीधि, प्रहरीलाई खवर गरेपनि उनीहरुले चासो नदिएको बताए । उनीहरुले प्रहरी कहिले स्थानीय तहको जिम्मा हो भन्दै पन्छिने गरेको बताए ।

स्थानीय युवाहरुको दवाव पछि अपरान्ह प्रहरी पुगेर स्काभेटर नियन्त्रणमा लिन खोजेपनि त्यहाँ जम्मा भएका समूहले हवाइ फायर गर्दै प्रहरी र स्थानीयलाई लखेटेको थियो ।

प्रहरीले भने फायरिङबारे आफूलाई जानकारी नभएको बताए । इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी निरीक्षक सन्तुलाल जयसवालले नदिबाट गिट्टी बालुवा स्काभेटर प्रयोग गरेर ननिकालेको दावी गरे । उनले भने, 'नदिमा स्काभेटर लगेको सूचना पाउनसाथ प्रहरी पठाएर उत्खनन रोकिसकेका छौं, कुनै उत्खनन भईरहेको छैन ।' तर संचारकर्मी नदिमा पुग्दा ठूलो संख्यामा टिपर, स्काभेटर र लोडरले गिट्टी बालुवा उत्खनन गरिरहेका थिए ।

यता सिरहाको कर्जन्हा नगरपालिकाले पनि यस विषयमा चासो लिएको छैन् । नगर प्रमुख गंगा पासवानलाई सम्पर्क गर्दा उनीसँग सम्पर्क हुन सकेन । धनुषा तर्फबाट गणेशमान चारनाथ नगरपालिकाका प्रमुख रामबाबु यादवले जिल्ला विकास समितिको समन्वयमा स्काभेटर आएको बताए । यता जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी समेत रहेका डिएसपी विनोद घिमिरेले स्थानीय तह, जिल्ला समन्वय समिति र प्रमुख जिल्ला अधिकारीले गर्ने काम हो । हामी अहिले कोरोना भाईरसको काम हेर्ने की त्यो हेर्ने भन्दै उतै बुझ्नुस भन्दै फोन काटे ।

सिरहा प्रमुख जिल्ला अधिकारी सरोजराज गुरागाँईले त्यसरी नदिमा स्काभेर लगाएर उत्खनन गर्न नपाईने भन्दै तुरुन्तै रोक्ने बताए । तर, त्यहाँ पुगेका इलाका प्रहरी कार्यालय वन्दिपुरको टोलीले नियन्त्रणमा लिएको स्काभेटर ठेकेदारका मान्छेले ल्याउन दिएनन् ।

# महिलाहरुले गरिन् कोरोना माईको पुजा



**टुडे समाचारदाता**

जीतपुर । बारा र पर्सा जिल्लाका महिलाहरुले कोरोना भाईरसको प्रकोप कम गर्न कोरोना माईको पुजा गरेका छन् ।

हलोले नजोतिएको र कोदालोले नखनिएको ठाउँमा गई महिलाहरुले कोरोना माईको पुजा गरेर संसारबाट कोरोना बिदाईको कामना गरेका छन् । ९ वटा लड्ग, एकै रङ्गका ९ वटा फुल र ९ वटा लड्डुले सफासुग्धर पारी चोखो भएर पुजा गरेका छन् ।

९ वटा चन्दनको टिका लगाई महिलाहरुले कोरोना भाईरस समाप्तीको लागि धुप बाली कोरोना मातासँग प्रार्थना गरेका हुन् ।

बारा जितपुरकी निर्मला सर्राफले कोरोनाबाट मुक्ती पाउन् र जगत कल्याणका लागि आफुहरुले कोरोना माईको पुजा गरेको बताइन् । कोरोना माईको पुजा गरेपछि पुजा सामग्रीलाई जमिन खनेर गाडेका थिए । कोरोना भाईरस नहराएसम्म हरेक हप्ताको सोमबार र शुक्रबार कोरोन माईको पुजा गर्ने महिलाहरुले बताएका छन् । जिल्लाका खुल्ला चौरहरुमा बिहानैदेखि पुजा गर्ने महिलाहरुको भिड लागेको थियो ।

# दुई दिन बजार खोल्ने निर्णय प्रभावकारी नभएको गुनासो

**टुडे समाचारदाता**

मलगंवा । सर्लाहीमा आइतबार र बुधबार बजार खोल्ने निर्णय प्रभावकारी हुन नसकेको सर्वसाधारणले गुनासो गरेका छन् ।

स्थानीय प्रशासनले हप्ताको आइतबार र बुधबार बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म सबै खाले बैंक तथा बजार खोल्ने निर्णय गरेको थियो । गत बुधबारबाट हप्ताको दुई दिन सीमित समयको लागि मात्र बैंक तथा बजार खुल्न थालेपछि बजारमा ठुलो भिड बढेको र यसबाट कोरोना संक्रमणको जोखिम बढेको स्थानीय सरोकारबालाहरुले निष्कर्ष निकालेका हुन् ।

कोरोना भाइरस संक्रमितको संख्या एकाएक बढ्न थालेपछि यसको संक्रमण रोकथाम र नियन्त्रणका लागि जारी लकडाउनको आदेशलाई जिल्लामा प्रभावकारी ढंगले कार्यान्वियन गर्ने विषयमा गएको सोमबार सरोकारबालाहरुको बैठक बसेको थियो ।

जिल्ला समन्वय समितिका सभापति मेथुर चौधरीको संयोजकत्वमा बसेको बैठकमा प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख ,सशस्त्र प्रहरी प्रमुख,अनुसंधानका प्रमुख तथा जिल्लाका २० वटै स्थानीय तहका प्रमुखहरुले जिल्लाभरका बैंक तथा बजार हप्ताको दुई दिन बिहान १० देखि दिउँसो २ बजेसम्म मात्र खोल्न पाउने लगायतका ६ बुँदे निर्णयहरु गरेको थियो ।



उक्त निर्णयको पहिलो दिन गएको बुधबार बजारमा भिड केही कम रहेपनि आइतवार बैंक तथा बजारमा मानिसहरुको भिड ह्वात्तै बढेको थियो । ग्राहक धेरै र समय कम भएकोले सदरमुकाम मलंगवाका खाद्यान्न पसलहरुमा किनमेल गर्ने मानिसहरुको भिडलाई पसलेहरुले कन्ट्रोल गर्न सकेका थिएनन् ।जो कोहीलाई हतार भएको देखिन्थ्यो ।

यस्तै भिड मलंगवा नगरभित्रका सरकारी तथा प्राइभेट बैंकहरुमा पनि देखिन्थ्यो । यस किसिमको भिडलाई देखेर सरोकारवालाहरुले गरेको निर्णय गलत भएको स्थानीय भद्रभलादमीहरुले बताए । यस अघि प्रत्येक दिन बिहान र बेलुका केही घण्टाको लागि बजार र बैंकहरु खुल्दै आएका थिए । जसले गर्दा भिड पनि कम हुनेगरेको थियो ।तर सरोकारवालाहरुले सर्वसाधारणहरुको मर्कालाई नबुझी हतार हतारमा गरेको निर्णय सरासर गलत भएको जानकारहरुको भनाई छ । आफुखुसी निर्णय गर्नुको साटो एक पटक स्थानीय अगुवाहरु सँग बसेर छलफल गरेको भए सर्वमान्य निष्कर्ष निस्किने जानकारहरुले भने ।

जिल्लाका कुनै पनि स्थानमा हाट बजार नलगाउने तथा तरकारी बिक्री वितरण सम्बन्धित बिक्रेताले ठेलामा वा अन्य प्रकारले घर-घरमा लगेर बेच्ने निर्णय पनि उचित नभएको तरकारी ब्यापारीहरुले बताएका छन् ।दिनभर टोलटोलमा घुमेर तरकारी बेच्नकाम सजिलो नभएको र मिहिनेत गरेर घरघरमा सागसब्वी पुर्याइदिए वापतको मूल्य समेत नपाउने तरकारी बिक्रेताहरुको गुनासो छ ।

यस अघि साप्ताहिक हाटबजारमा गएर ताजा तरकारी तथा फलफुल किन्ने गरेका थियौं तर जुनदिन देखी यस्तो नियम लाग्यो घरमै ठेला र टोकरीमा सागसब्वीजी लिएर आउने ब्यापारी सँग किन्ने मन नहुँदा पनि मजबुरीबस् किन्नु परेको छ ।यसरी किनेका तरकारी तथा फलफुल बासी र बिग्रेका पनि पर्न जान्छ, मलंगवा न.पा वडा नं. २ की गृहणी मुक्ता यादवले गुनासो गरिन् ।

# घर भत्किँदा चार घाइते, चट्याङले अस्पतालमा क्षति

लहान । हावाहुरीले सिरहा नगरपालिका-८ स्थित दलितबस्तीका एकै परिवारको दुई घर भत्किँदा चारजना घाइते भएका छन् ।

वर्षासँगै चलेको हावाहुरीले घर भत्किँदा स्थानीय बुधावा सदायको ४५ वर्षीया श्रीमती फुनियाँदेवी, १४ वर्षीया छोरी, ११ र आठ वर्षीय दुई छोरा घाइते भएको वडाध्यक्ष नागेश्वर गोइतले जानकारी दिनुभयो । चारैजनाको स्थानीय क्लिनिकमा उपचार भइरहेको छ ।

ती परिवारलाई तत्काल बस्ने, खाने व्यवस्था मिलाउने कार्य भइरहेको उहाँले बताउनुभयो ।

यस्ते वर्षासँगै सोमबार परेको चट्याङ लागेर लहानस्थित रामकुमार उमा स्मारक अस्पतालमा करिब १० लाखभन्दा बढीको क्षति भएको छ ।

अस्पतालको छतमा रहेको सिसी क्यामेरा र इन्टरनेट वाइफाइको राउटर जल्नाका साथै चार थान कम्प्युटर, इन्भटर तथा एक्सरे मेसिनमा क्षति पुगेको अस्पतालका मेसुडा सुनिलकुमार कुशवाहाले जानकारी दिनुभयो । अस्पतालको प्रशासनिक कार्य प्रभावित भएको उहाँले बताउनुभयो ।रासस

# निजगढ नपाको पाँचौं नगरसभामा चार विधेयक पारित

**रञ्जन यादव**

जीतपुर । बाराको निजगढ नगरपालिकाको पाचौं नगर सभा तथा तेस्रो अधिबेशनले चार वटा विधेयक पारित गरेको छ । नगरप्रमुख सुरेश कुमार खनालको अध्यक्षतामा सम्पन् नगर सभाले चार विधेयक सर्बसहमतले पारित गरेको हो ।





नगर सभाको अन्तिम बैठकले निजगढ नगरपालिका सहकारी बिधेयक २०७६, निजगढ नगरपालिका शिक्षा बिधेयक २०७६, निजगढ नगरपालिका स्वास्थ्य बिधेयक २०७६ र निजगढ नगरपालिका कृषि प्रवर्द्धन बिधेयक २०७६ सभाले सर्बसम्मत पारित गरेको निजगढ नगरपालिकाका नगर प्रमुख खनालले जानकारी दिए । पाँचौ नगर सभा समाजिक दुरी कायम गरी सुरक्षित तरिकाले सम्पन्न भएको थियो ।







# चट्याङ लागेर दुईको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । सोमबार बर्षासँगै खसेको चट्याङ्ले एक महिलासहित दुई जनाको ज्यान गएको छ ।

प्रदेश २ को धनुषा र महोत्तरीमा एक/एक जनाको चट्याङ्ले मृत्यु भएको प्रहरीले जनाएको छ ।

धनुषाको मिथिला नगरपालिका ७ निवासी छिनमाया काफ्लेको चट्याङ्ले ज्यान गएको छ । ४८ बर्षीया काफ्ले घाँस ल्याउन जंगल गएको बेला चट्याङ्को शिकार भएको प्रहरीले जनाएको छ ।

यस्ते, महोत्तरीको महोत्तरी गाउँपालिका १ निवासी इन्दल यादवको पनि चट्याङ् लागेर ज्यान गएको छ । ५५ बर्षीय यादव भैंसी चराउन गएको बेला उनीमाथि चट्याङ् खस्दा तत्काले मृत्यु भएको प्रहरीले जनाएको छ ।


**नोबेला कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com